# परिच्छेद : एक
# परिचय

अध्ययनको परिचय रहने खण्ड परिच्छेद एक कुनै पनि अनुसन्धानको पहिलो र महत्वपूर्ण खण्ड हो । यस परिच्छेदमा अध्ययनको प्रकृति र आवश्यकता बमोजिम बिभिन्न शीर्षक र उपशीर्षकहरुलाई समावेश गर्न सकिन्छ । यस अध्ययनको परिच्छेद एकको परिचय भित्र समावेश गरिएका उपशीर्षकहरु अध्ययनको पृष्ठभूमि, समस्याको कथन,अध्ययनको औचित्यता, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्न, अध्ययनको परिसीमा र विषेश शब्दावलीका परिभाषालाई  निम्नानुसार प्रस्तुत गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

प्राकृतिक रुपमा समाजमा महिला र पुरुष गरी दुई लिङ्गहरु बिद्यमान छन् । महिला र पुरुषमा हुने सामाजिक मूल्य मान्यता र व्यवहारलाई लैङ्गिक स्थिति भनिन्छ जुन महिला प्रति भेदभावपूर्ण छ । असमान लैङ्गिक स्थिति प्राकृतिक नभएर सामाजिकीकरण प्रक्रियाको प्रतिफल भएकोले यसलाई रुपान्तरण गर्न भने असम्भव हुदैन । शिक्षा त्यस्तो शक्ति हो जसले मानवलाई सबै क्षेत्रमा उन्नति गर्न सक्ने योग्यता, दक्षता र सक्षमता दिन्छ । त्यसैले समाजमा महिला र पुरुषले शिक्षाबाट आफ्नो व्यक्तिगत दक्षता, योग्यता र उचित लाभ लिने समान अवसर हुनुपर्छ । मानिसको प्रतिभाको पहिचान र उपयोग, सामाजिक, आर्थिक उन्नति, हक र कर्तव्यको जानकारी र उपयोग गर्नु मात्रै नभएर देशमा रहेका प्राकृतिक, सामाजिक स्रोत र साधनको पहिचान र  सदुपयोगबाट सम्पूर्ण राष्ट्रको सबै क्षेत्रमा उन्नति गर्न शैक्षिक उन्नतिबाट मात्रै सम्भव छ । विभिन्न देशहरुले शैक्षिक उन्नतिबाटै आर्थिक, सामाजिक साँस्कृतिक, प्राविधिक तथा राजनैतिक विकास गरेका छन् । समाजको उन्नतिमा समाजका सबै नागरिकको समान शैक्षिक अवसरले मात्र सम्भव हुने भएकोले समाजमा महिलालाई पुरुष  सरह शिक्षाको उचित अवसरबाट उचित लाभ लिने अवसर दिइनुपर्छ । पितृसत्तात्मक सोचको प्रवृत्तिले गर्दा समाजमा आधाभन्दा बढी हिस्सा ओगट्ने महिलाहरु शिक्षाबाट वञ्चित भएकै कारण राज्यले महिला शिक्षाको सुरुवात गर्न वाध्य भएको हो ।

नेपालमा औपचारिक रुपमा महिला शिक्षाको सुरुवात राणाकालमै सुरु भई शिक्षामा समान अवसर दिनुपर्छ भनि कार्यकमहरु सञ्चालन भएका , महिला शिक्षिका तालिम सञ्चालन गरेको , विभिन्न कार्यकमहरु जस्तै राष्ट्रिय छात्रवृत्ति , छात्रा छात्रवृति ,वालिका शिक्षा , शिक्षिका अभिवृद्धि कार्यकम सञ्चालन भएको पाइन्छ जुन कुरा उपाध्यायको अध्ययनले पुष्टि गर्दछ ।

नेपालमा महिला शिक्षाको औपचारिक सुरुवात राणा प्रधानमन्त्री वीर शमशेरको पालादेखि भएको थियो । यिनको पालामा गंगावाई भारतबाट आएर काठमाण्डौको ठमेलमा आधारभूत प्राथमिक शिक्षा सुरु गरेकी थिइन । वि.सं. १८९० मा प्रधानमन्त्री चन्द्र शमशेरले काठमाण्डौको टोखाटोलमा कन्या पाठशालाको स्थापना गरेका थिए । वि.सं. १९७५ मा स्थापना भएको त्रिचन्द्र कलेजमा महिलाहरुको लागि बन्देज नलगाइएको भएतापनि २००४ सालमा जम्मा ४ जना मात्र महिलाहरु भर्ना भएको देखिन्छ । त्यसैगरी पद्म शमशेरले कन्या विद्याश्रम पनि खोलेका थिए । महिलाहरुलाई पनि शिक्षामा समान अवसर दिनुपर्दछ भन्ने अभिप्रायले वि.सं. २००७ सालमा युनिसेफको आर्थिक सहयोगमा महिलाहरुका निम्ति शिक्षामा समान अवसर कार्यक्रम शिक्षा मन्त्रालयबाट सञ्चालन भएको थियो । यस परियोजनाबाट महिलालाई तालिम दिई प्रा.वि. शिक्षक बनाउने अभिप्रायले वि.सं. २०२८ सालमा पृथ्वीनारायण क्याम्पस पोखरामा कार्यक्रम सुरु गरियो । त्यसपछि वि.सं. २०३० मा धनकुटा, वि.सं. २०३३ मा नेपालगञ्ज र वि.सं. २०३६ मा जुम्ला क्याम्पस सञ्चालन सुरु भएको थियो । युनिसेफ परियोजनाले एस.एल.सी.उतिर्ण गरेका छात्रालाई ‘ए’ लेभलको तालिम र १० कक्षा उतिर्ण गरेका छात्रालाई ‘बी’ लेभलको तालिम प्रदान गरी प्रा.वि.का शिक्षक बनाउने कार्यक्रम सञ्चालन गरियो । शिक्षा तथा खेलकूद मन्त्रालयबाट वि.सं. २०५९ साल देखि सञ्चालित विभिन्न शैक्षिक कार्यक्रममा विद्यालयमा महिला शिक्षालाई विस्तार गर्ने क्रममा शिक्षा विभागको महिला शिक्षा शाखाद्वारा सञ्चालित कार्यक्रमहरु जसमा राष्ट्रिय छात्रवृत्ति कार्यक्रम, सम्पूर्ण प्रा.वि. छात्रा छात्रवृत्ति कार्यक्रम, स्थानीय विद्यालय छात्रवृत्ति, क्याम्पस छात्रवृत्ति, दलित छात्रवृत्ति, शिक्षिका अभिवृद्धि कार्यक्रम, बालिका शिक्षा, प्रचार प्रसार कार्यक्रम सञ्चालित छन् (उपाध्याय, २०६७: ४) ।

मुलुकमा लागू  गरेको विद्यालय क्षेत्र सुधार कार्यकममा पनि महिला शिक्षाको अभिवृद्धिको लागि सकारात्मक विभेदको नीति अपनाउने कुरा उल्लेख छ जसलाई वस्यालको अध्ययनवाट थप टेवा मिल्दछ ।

२०६६/०६७ देखि देशैभर प्रारम्भ भएको SSRP ले शिक्षामा पिछडिएको समूहको सहभागिता वढाउन सकारात्मक विभेदको नीति अनुसार, त्यस्ता प्र.अ. हरुको नियुक्ति गर्ने विद्यालयलाई प्रोत्साहन, त्यस्ता शिक्षक तथा कर्मचारीको नियुक्तिमा कोटा प्रथा तथा शिक्षक नियुक्तिकालागि विशेष ग्राह्यताका आधारहरु तयार गर्ने प्रावधान लिएको छ भने माध्यमिक शिक्षामा महिलाको सहभागिताका सन्दर्भमा सुत्केरी तथा श्रीमती सुत्केरी हुँदा पुरुषले पाउने विदा, शिशुलाई खुवाउने विश्राम समय र सट्टा शिक्षकको व्यवस्था , पिछडिएका  समूह र महिलालाई शिक्षक पदमा वढुवाका लागि कम अवधि भएपनि उमेद्वार हुन पाउने प्रावधान राखिने छ भनि उल्लेख गरिएको छ ( वस्याल, २०६७: २१) ।

महिला शिक्षामा विशेष जोड दिई महिलालाई सशक्तिकरण गर्ने कुरा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले जोड दिएको छ ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (२०५५) ले मुलुकमा विद्यमान महिला शिक्षासँग सम्वन्धित शिक्षण संस्था र शैक्षिक संगठन विभिन्न गैर सरकारी शिक्षक तथा प्रशिक्षकहरुले तालिममा महिलालाई सशक्तिकरणमा संवाहकका रुपमा तयार गर्ने,शिक्षा मन्त्रालय अन्तर्गत आधारभूत तथा प्राथमिक शिक्षा परियोजना औपचारिक शिक्षा एकाइले पनि महिलाहरुलाई साक्षर बनाई जीवन निर्वाह गर्न सजिलो बनाउन महिला साक्षरता सम्वन्धी महिला शिक्षा कार्यक्रम सञ्चालन गर्ने, महिला शिक्षा विकासका लागि विद्यालयमा सरिक बनाउने हेतुले प्रा.वि. र नि.मा.वि. तहमा सरकारले पाठ्यपुस्तक निशूल्क उपलब्ध गराउने भनि उल्लेख गरेको  छ  (राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन , २०५५) ।

प्रथम पञ्चवर्षीय योजना (वि.सं. २०१३) देखि पाँचौ योजनासम्म महिला शिक्षालाई चासो देखाइएको थिएन । छैठौ योजनामा महिला शिक्षा कार्यक्रम अन्तर्गत शिक्षक नियुक्तिमा महिलालाई ग्राह्यता दिने व्यवस्था र सातौ योजनामा महिलाहरुको शिक्षा विकासको लागि

छात्रवृत्ति तथा छात्राबासको व्यवस्था गरिएको थियो । आठौ योजनामा महिलालाई शिक्षामा सहभागिता बढाउन र बीचैमा पढाइ नछाड्नका लागि विद्यालय पोशाक, छात्रवृत्ति, बढी छात्रा भर्ना गर्ने विद्यालयलाई पुरस्कृत गर्ने व्यवस्था गरिएको थियो भने नवौ योजना (२०५४-२०५९) ले महिलालाई मूलप्रवाहमा समाहित गर्ने, लैङ्गिक भेदभाव हटाउने र सशक्तिकरण गर्ने नीति अघि सारेको थियो (बस्नेत,२०५९ : ९ ) ।

दशौं योजनामा महिलाको शैक्षिक स्तरमा सुधार गर्न औपचारिक तथा अनौपचारिक शिक्षामा जोड दिइएको छ (दशौ पञ्चवर्षीय योजना, २०५९) । हाल सञ्चालित त्रिवर्षीय अन्तरिम योजना (२०६४-२०६७) मा प्राविधिक शिक्षामा जोड, छात्रा छात्रवृत्तिमा जोड, विद्यालय भर्ना अभियानमा जोड,नीति निर्माण एवं व्यवस्थापनमा ठोस लैङ्गिक संवेदनामूलक सुचांक तयार गरी लैङ्गिक सुचांक परीक्षण प्रणाली लागु गर्ने नीति तथा कार्यक्रम लागु गरिएको छ (अन्तरिम त्रिवर्षीय योजना,२०६४ : १२०) ।

शिक्षामा महिला लगायत अन्य पिछडिएको व्यक्तिको सन्दर्भमा हाल सञ्चालित त्रिवर्षीय योजनामा शिक्षामा महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्गगता भएका व्यक्ति समेतको पहुँच सुनिश्चित गर्ने , राष्ट्रिय र स्थानिय तहमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनुको साथै विद्यालय स्वास्थ्य कार्यक्रमको थप सदृढीकरण गरिने छ भनी उल्लेख गरिएको छ (त्रिबर्षीय योजना , (२०६७/६८-०६९/७०:१८०) ।

त्रिबर्षीय योजनाको आधार पत्र (२०६७/६८-०६९/७०) मा प्राथमिक तहमा लैङ्गिक अनुपात सरदरमा पुगेको भएता पनि वालिका तथा वञ्चितीकरणमा परेका समुदायका वालवालिका लाई विद्यालयमा टिकाई राख्न नसक्नुलाई प्रमुख समस्याको रुपमा उल्लेख गरी विद्यालय व्यवस्थापन समितिलाई समावेशी वनाइने कार्यनीति तथा विद्यालय छाडेका गृहिणीका लागी लक्षित शैक्षिक कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख छ (त्रिबर्षीय योजनाको आधार पत्र , (२०६७/६८-०६९/७०: २१२) ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १७ मा शिक्षालाई सवै नागरिकको मौलिक हकको रुपमा स्थापित गरिएको छ । मातृभाषामा आधारभूत शिक्षा पाउने हक, माध्यमिक

तहसम्म निःशुल्क शिक्षा पाउने हक, प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक सम्वन्धी कुराहरु उल्लेख गरिएको  छ (अन्तरिम संविधान, २०६३:६) ।

महिला शिक्षाको वर्तमान स्थितिको सन्दर्भमा उल्लेखित दृष्टिकोणहरुले पनि समाजमा महिलाहरु विभिन्न कारणले शिक्षा क्षेत्रमा पछि परेका र पारिएका छन् भन्ने कुरा प्रष्ट पारेका छन् । त्यसकारण समाजमा महिलाहरुको वर्तमान शैक्षिक अवस्था एक गम्भीर समस्या हो र त्यसलाई सुधार्नु आजको आवश्यकता हो भन्ने स्पष्ट छ । महिलाहरुको शैक्षिक स्थितिमा सुधारको निम्ति महिला शिक्षालाई वाधा पुऱ्याउने कारणहरुको खोजी र समाधानका वाटाहरुको बारेमा अध्ययन गर्नु आजको आवश्यकता हो । नारी शिक्षालाई प्रभाव पार्ने विभिन्न कारण मध्ये लैङ्गिक भेदभाव पनि हुन सक्छ र त्यस्तो भेदभाव कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा पनि हुन सक्छ । अतः समुन्नत राष्ट्रको परिकल्पनाको लागि कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा लैङ्गिक व्यवस्थापनको स्थिति अध्ययन गर्नु पनि आजको अपरिहार्य विषय बन्न पुगेको छ ।

## १.२ समस्याको कथन

यस अध्ययनमा सामुदायिक विद्यालयको माध्यमिक तहको कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनको  स्थिति पहिचान गर्ने,उक्त स्थितिमा देखापरेका समस्या पत्ता लगाई समस्या समाधानका लागि उपर्युक्त उपायहरु सुझाउनुलाई नै समस्याको रुपमा लिइएको छ ।

समाजमा महिलाहरु पछि पर्नुको प्रमुख कारण शिक्षाको कमी हो र महिलाहरु शिक्षामा पछि पर्नुमा लैङ्गिक भेदभावको पनि महत्वपूर्ण भूमिका छ भन्ने कुरा विभिन्न अध्ययनहरुले बताएका छन् । यस्तो भेदभाव शिक्षण सिकाइ क्रियाकलापमा पनि हुन सक्छ । माध्यमिक तहमा अध्ययनरत छात्राहरुले छात्रहरु सरह शैक्षिक सफलता हासिल गर्न सकेका छैनन् । समान रुपमा शैक्षिक सफलता हासिल गर्न विद्यालयमा अपनाइने व्यवहारमा पनि समानता हुनुपर्छ । नारीवादी चर्को स्वरहरु कागजमा मात्र सिमित राख्ने सिकाइका क्रममा कार्यान्वयनमा नल्याउनु नै आजको कमजोर पक्ष हो । कक्षा शिक्षणमा शिक्षकका व्यवहारहरु

छात्र छात्राहरु प्रति के कस्ता छन् ? भन्ने कुरा हाल प्रश्नयोग्य छ । तसर्थ यस अध्ययनमा निम्न प्रश्नहरुको जवाफ खोज्ने प्रयास गरिएको छ :-

क) शिक्षकहरु कक्षामा छात्रा-छात्रप्रति कस्तो व्यवहार गर्छन् ?

ख) कक्षा शिक्षणमा लैङ्गिक रुपमा भेदभाव, पूर्वाग्रह, सांकेतिक हिंसाको अवस्था के छ ?

ग) शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग हुने विधि तथा शैक्षिक सामाग्रीले लैङ्गिक समानतालाई प्रतिविम्वन गर्न कस्तो भूमिका खेलेको छ ?

घ) छात्रछात्राले शिक्षण सिकाइका क्रममा पुरुष शिक्षक र महिला शिक्षकसँग कस्तो व्यवहार गर्दछन् ?

ङ) कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनको समस्याको कारणप्रति प्र.अ., शिक्षक र विद्यार्थीको धारणा के छ ?

च) लैङ्गिक व्यवस्थापन समस्या समाधानका उपायहरु के के छन् ?

उपर्युक्त कुराहरुको मनन् गरी  सामुदायिक विद्यालयको कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापन शीर्षकलाई यस अध्ययनको समस्या कथनको रुपमा चयन गरिएको हो ।

## १.३ अध्ययनको औचित्यता

समाजका सबै क्षेत्रमा लैङ्गिक भेदभाव छ जसको कारण महिलाहरु सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा पछि परेका छन् । लैङ्गिक भेदभाव अन्त्य नहुने हो भने महिला वर्ग मात्रै होइन सम्पूर्ण समाज नै उन्नतिको पथमा लम्कन सक्दैन । महिलाहरुमा प्रशस्त प्रतिभा र सक्षमता छ । त्यसलाई पहिचान र उपयोग गर्न सके मात्र समाजको विकास गर्न सकिन्छ । उचित शिक्षाको अभावले गर्दा नै महिलामा भएको प्रतिभा र सक्षमता पहिचान र उपयोग गर्न सकिएको छैन । जुन देश र समाजमा महिलाहरुलाई शिक्षा क्षेत्रमा समान अवसर दिइन्छ त्यहाँ उनीहरु आर्थिक, सामाजिक, क्षेत्रमा तुलनात्मक रुपमा अगाडि छन् र समग्र देश एवं समाज पनि अघि छ । जहाँ महिलाहरु पछि छन् , त्यहाँ महिला मात्रै होइन सम्पूर्ण देश र समाज पनि पिछडिएकै तथ्यले पनि देश र समाजको उन्नतिको निम्ति शिक्षामा महिलाको समान सहभागिताको महत्व दर्शाउछ । त्यसैले शिक्षामा महिलाहरुको समान सहभागिताको निम्ति कुन कुन कुराहरुले वाधा पुर्‍याउँछन् भनेर खोजी एवं समाधानका उचित कदम चाल्नु पर्छ । शिक्षामा महिलाको समान सहभागिता र अवसरको सम्वन्धमा

स्थानीय स्तरमै सुक्ष्म रुपमा अध्ययन गर्न सकिएमा वास्तविक समस्या र समाधानका बाटाहरु पहिल्याउन सकिन्छ तब मात्र स्थानीय स्तरमा सबैले शिक्षाको समान अवसर र लाभ लिन सक्छन् ।

आजका माध्यमिक तहमा अध्ययनरत छात्राहरु निकट भविष्यका आमा हुन् । भोलिका आमाबाट नै परिवार तथा समाजले उन्नतिको अपेक्षा गरेको छ । यसका लागि आजका छात्राहरुलाई शिक्षामा समान सहभागिता र समान सफलताको आवश्यकता रहेको छ । उक्त आवश्यकता परिपूर्तिको लागि विद्यालय एवं कक्षाकोठामा हुनसक्ने असमान व्यवहारले पनि प्रभाव पार्दछ । तसर्थ यस अध्ययनमा कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा लैङ्गिक समानताको स्थिति, लैङ्गिक भेदभावको कारण, प्रभाव र सुधारका उपायका बारेमा अध्ययन गर्ने प्रयास गरिएको छ । यस अध्ययनको औचित्यलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :-

क) छात्राहरुको शैक्षिक स्थितिमा सुधार गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग पुग्नेछ ।

ख) महिला र पुरुष प्रति गरिने लैङ्गिक विभेदकारी नीतिको चुनौतीलाई कम गराउन सकिने विश्वास लिइएको छ ।

ग) महिला शिक्षा सम्वन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थालाई सहयोग पुऱ्याउनेछ ।

घ) शिक्षकहरुलाई आफ्नो शिक्षण सिकाइ क्रियाकलापमा लैङ्गिक समानता ल्याउन मद्दत पुऱ्याउनेछ ।

ङ) शैक्षिक संस्थाहरु एवं विद्यालयहरुलाई शैक्षिक योजना र कार्यक्रम तर्जुमा गर्नमा मद्दत पुऱ्याउनेछ ।

च महिला शिक्षामा अनुसन्धानकर्तालाई सहयोग पुग्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार रहने छन् :

क) कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनको स्थिति पहिचान गर्नु ।

ख) कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनमा देखापरेका समस्याहरु पत्ता लगाउनु ।

ग) कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका समस्या समाधानका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अनुसन्धानको उद्देश्यहरु परिपूर्ति गर्न निम्नानुसार अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :-

क) विद्यालयहरुमा कक्षा शिक्षणमा लैङ्गिक  दृष्टिकोणले फर्निचर व्यवस्थापन र बसाइँ व्यवस्थापनको स्थिति कस्तो छ ?

ख)  शिक्षकले प्रयोग गर्ने शिक्षण बिधि र शैक्षिक सामग्री लैङ्गिक रुपमा समान छन् छैनन् ?

ग) शिक्षण सिकाइ क्रियाकलापमा लैङ्गिक रुपमा भेदभाव, पूर्वाग्रह, सांकेतिक हिंसाको अवस्था के छ ?

घ) छात्राछात्रले शिक्षण सिकाइका क्रममा पुरुष शिक्षक र महिला शिक्षकसँग कस्तो व्यवहार गर्दछन्  ?

ङ) कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापन समस्याका कारणहरु के के हुन् ?

च) कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका समस्यालाई कसरी  समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक भएता पनि समय, स्रोत र साधनको अभावलाई मध्यनजर राखेर अध्ययन पाल्पा जिल्ला भित्र मात्र सिमित रहेको छ, जस अन्तर्गत ८ ओटा सामुदायिक माध्यमिक विद्यालयहरु नमूनाका लागि छनौट गरिएको छ । नमूनामा परेका सामुदायिक माध्यमिक विद्यालयहरुमध्ये भौगोलिक आधारमा पूर्व, पश्चिम, उत्तर, दक्षिणमा पर्ने गरी ग्रामीण क्षेत्रका ४ वटा विद्यालयहरु र नगर क्षेत्रका ४ वटा विद्यालयहरुको माध्यमिक तहको कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनको अवस्थाको बारेमा मात्र अध्ययन परिसीमित गरिएको छ ।

## १.७ विशेष शब्दावलीको परिभाषा

लैङ्गिक व्यवस्थापन : महिला र पुरुषलाई कुशलतापूर्वक परिचालन गर्ने कार्य ।

लैङ्गिक विभेद : महिला पुरुषका आधारमा गरिने भेदभाव ।

लैङ्गिक समानता : महिला पुरुषका आधारमा भेदभावपूर्ण व्यवहार नगरिनु ।

| | |
|---|---|
| घरेलु कामकाज | : छात्र छात्राहरुले आफ्नै घरमा गर्नुपर्ने कामकाज । |
| पितृसत्ता | : पुरुषको प्रभुत्व भएको सत्ता जहाँ महिलाहरु नियन्त्रणमा बस्नु पर्छ । |
| हिंसात्मक शब्दावली | : मानसिक चोट पुऱ्याउने गालीका शब्दहरु । |
| समानता | : सबैलाई समान अवसर दिनुपर्छ भन्ने मान्यता । |
| समता | : असमानलाई संरक्षण दिनुपर्छ भन्ने मान्यता । |
| नारीवाद | : महिला हकहितका पक्षमा वकालत गर्ने सिद्धान्त । |
| पुनर्बल | : कार्य गर्नप्रति उत्प्रेरणा जगाउने भौतिक वा अभौतिक वस्तु । |
| अनुकरण | : नक्कल गर्नु । |

# परिच्छेद : दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनको स्थितिको बारेमा व्यवहारिक ज्ञान, सीप प्राप्त गर्न र सैद्धान्तिक अवधारणा बुझ्न तथा प्राप्त तथ्यांकलाई व्याख्या विश्लेषण गर्न क्रमशः सम्वन्धित  साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाको अध्ययन गरिएको छ ।

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अनुसन्धानात्मक कार्य सम्पन्न गर्दा त्यसै क्षेत्रसँग सम्वन्धित पुस्तक, पत्रपत्रिका लेख, रचना, प्रतिवेदन, अनुसन्धानात्मक कृतिआदिको अध्ययन र विश्लेषणले उक्त अनुसन्धान कार्यका लागि चाहिने उपयोगी तथ्यांक तथा सूचनाहरु प्रदान गरी अध्ययनलाई सरल पारिएको हुन्छ । समाजमा महिला तथा छात्राहरुको शैक्षिक स्थिति सम्वन्धमा विभिन्न विद्वान, लेखक, दार्शनिक अनुसन्धानकर्ताले आ-आफ्ना सिद्धान्त, प्रतिवेदन  रचना र कृति मार्फत आआफ्ना दृष्टिकोणहरु प्रस्तुत गरेका छन् । यस सम्वन्धमा भएका केही लेख अध्ययनहरुलाई निम्नानुसार पुनरावलोकन गरिएको छ :-

लैंगिङ्ग समानता भनिएता पनि हाम्रो समाजमा पुरुष र महिलावीच असमानता व्यापक रुपमा देख्न सकिन्छ । जस्तो कि विद्यालयले केटीलाइ पढाउँदिन भनेको छैन । विद्यालय खोल्दा पनि यस्तो दृष्टिकोण थिएन तर महिलाले त्यो सुविधा प्राप्त गर्न सकेका छैनन् । समान व्यवहारले समानता दिलाउन सक्छ भन्ने भनाई पनि छ तर समान व्यवहारले असमानता जन्माउँछ जवसम्म समता हुदैन तव सम्म समानता हुदैन जुन कुरा तलको अध्ययनवाट पुष्टि हुन्छ ।

आचार्य, (२०६४)ले उद्धृत गरेअनुसार सन् १९७० मा एस्टर वोसरप (Ester Boserup) ले आर्थिक विकासमा महिलाको भूमिका (women's roll in economic development) भन्ने किताव प्रकाशमा ल्याईन । उनको पुस्तकले विकासमा लागेका संघ संस्था तथा व्यक्तिहरुलाई महिलाका पक्षमा सोच्न र कार्यक्रममा परिमार्जन गर्न वाध्य तुल्यायो । त्यसैवेला देखिनै विकासमा महिला (WID) को सोचाईको सुरुवात भयो । सम्पूर्ण विकास

कार्यहरु यसै अनुरुप चले । फलस्वरुप महिलाहरुलाई आर्थिक,शैक्षिक र सामाजिक कार्यमा सम्लग्न गर्न थालियो । महिलाहरुको उत्पादक भूमिकालाई मान्यता दिन थालियो तर उत्पादनका कामका निम्ति महिलाहरु त्यति सक्षम छैनन् भनी उनीहरुलाई यस क्षेत्रमा तालिम तथा क्षमता अभिवृद्धि गर्ने क्रियाकलाप गराउन थालियो । उनीहरुलाई प्राविधिक तालिम तथा सुविधाहरु दिन थालियो । तर (WID) को सोंचले महिलाहरुको प्रत्युत्पादक भूभिकालाई विर्सिदियो तत्पश्चात् महिला तथा विकास (WAD) भन्ने सोंच आयो यसले पनि महिलाहरुको उत्पादक भूमिकालाई मात्र जोड दिइरह्यो । WID र WAD दुवैले सामजिक सामाजिक संरचनालाई विर्सिदिए । पुरुष भन्दा वढी थिचिएका वा तल्लो दर्जामा छन् भन्ने कुरालाई नै वेवास्ता गरिदिए । फलतः विकासमा लैंगिक अवधारणा (GAD) को सोंच जन्मियो । GAD ले समाजमा विद्यमान सामाजिक लिंगभेद वा लैंगिक असमानता ( Gender inequality) लाई ध्यानमा राखेर विकास निमार्णका कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने सोंचलाई अगाडि ल्यायो । GAD का छलफलले दुईवटा शव्दावलीको प्रयोग गऱ्यो पहिलो समता (Equity) र दोस्रो समानता (Equality) । समताले महिला र पुरुष वीचको भिन्नतालाई समात्यो । ती दुवैलाई एकै स्तरमा ल्याउन महिलालाई के कस्ता विशेष व्यवस्था चाहिन्छ भन्ने कुराको खोजी गऱ्यो । यसले विशेष व्यवस्थापनविना समानता सम्भव छैन भन्ने कुरा पहिल्यायो । विशेष व्यवस्था नगरे, महिलाहरुलाई समान न्याय नगरे समान अधिकार दिन सकिदैंन भन्ने सोच स्थापित भएको उल्लेख गरिएको छ (आचार्य, २०६४ : १४८ ) ।

राष्ट्रले लैंङ्गिक समानता कायम गर्न नीतिगत रुपमा कार्ययोजना छ तर कार्यान्वयन पक्ष कमजोर भएको कारण हरेक क्षेत्रमा महिला पुरुषभन्दा पछि छन् यसै सन्दर्भमा आचार्यले उल्लेख गरेअनुसार, समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा नीति नियमहरु बनाउँदा लैङ्गिक समानता र समताका लागि निम्नानुसारको ढाँचाका कार्यक्रमको नीति र त्यसै अनुरुपका रणनीतिको विकास गर्नुपर्ने देखिन्छ । जसमा सार्वजनिक खर्चको समानता अन्तिम आयको समानता, प्रयोगको समानता, अवसरहरुको समानता र उपलब्धिको समानता पर्दछन् । यी उल्लेखित अवस्थाबाट महिला र पुरुष बीच समानता हुन सक्ने सम्भावनाको विकास हुन्छ । यसका साथै समानतालाई त्यत्तिकै महत्व दिँदै लैङ्गिक समता कायम गर्ने दृष्टिकोण, प्रक्रिया, व्यवहार तथा कार्यक्रमको तर्जुमा गर्नुपर्ने हुन्छ । यसै पृष्ठभूमिमा दशौं पञ्चवर्षीय योजनामा

लैङ्गिक समानता कायम गर्न नीतिगत रुपमा कार्ययोजना तर्जुमा गरिएको र महिलालाई लक्षित गरेर केही विशेष कार्यक्रमको पनि तर्जुमा गरिएको कुरा उल्लेख छ (आचार्य, २०६४ : २८५) ।

महिलाहरु र केटीहरुमा निर्णय लिन सक्ने क्षमता हुन्न भन्ने मान्यता समाजमा छ । महिलाहरुको कुरालाई आइमाइको कुरा हो भनेर होच्याइन्छ । असल र विद्वान हुनु छोराको काम हो र छोरीलाई घरको काममा निपूर्ण पार्नुपर्छ भन्ने अपेक्षा गरिन्छ । छोरीले पढ्न पर्दैन, पढ्नु हुँदैन, पढ्न जान्दैनन् भन्ने सोचाईले शिक्षामा छोरीलाई समान अवसर नदिएको निम्न अध्ययनमा प्रष्ट पारिएको छ ।

ढकाल र कोईराला,(२०६३)ले आधुनिक कालमा शिक्षाको विकासको नेतृत्व गर्ने मुख्य शैक्षिक आन्दोलनहरु भन्ने शीर्षकमा उल्लेख गरे अनुसार महिला उपर हुने लैङ्गिक भेदभाव समाप्त पार्ने क्रमको प्रयास १० डिसेम्वर १९४८ मा संयुक्तराष्ट्र संघको महासभाले पारित गरेको मानव अधिकार सम्वन्धी विश्वव्यापी घोषणा भएको उल्लेख गरेका छन् । यो घोषणापत्र जारी भएपछि पनि महिला उपर शोषण उत्पीडन र विभेद जारी नै रहेकाले महिला आन्दोलन यथावत भएको वताएका छन् । यस आन्दोलन कै परिणाम स्वरुप संयुक्त राष्ट्रसंघले १८ डिसेम्वर १९७९ मा महिला उपर हुने सवै प्रकारका भेदभाव निर्मूल गर्ने महासन्धि (CEDAW) पारित गरे पनि अझसम्म महिला र पुरुषवीच भेदभाव कायमै रहेको उल्लेख गरेका छन् । शिक्षामा पुरुषको दाँजोमा महिलाको संलग्नता कम छ ,राजनीतिक तथा आर्थिक मामिलामा महिला पछाडि नै छन् , उत्पादनका स्रोत, सम्पत्ति,जग्गा, जमिन, ऋण, आधुनिक ज्ञान ,सूचना, आदि पहुँचमा महिला वन्चित छन् भन्ने उनको ठम्याई छ । उनको भनाई अनुसार कम उत्पादक र जिवन निर्वाह गर्ने खालका सामान्य व्यवसाय र कृषिमा महिलाको वढी संलग्नता भएको, कम ज्याला, न्यून सीपमूलक र निम्नस्तरको काममा महिलाकै संलग्नता भएको ,राजनीतिमा प्रयाप्त मात्रामा महिलाको सहभागिता हुन नसकेको, राज्य संचालनमा उनीहरुको संलग्नता न्यून भएको , निरक्षरतामा महिला नै वढी भएको ,घर परिवारको व्यवहार संचालनमा महिलाको दाँजोमा पुरुषको निर्णयनै सर्वोपरि भएको उल्लेख गरिएको छ । लैंगिक असमानता हटाउन शिक्षाको प्रभावकारी भूमिका हुने भएकोले आज लैङ्गिक समानताका लागि शिक्षा (Education for Gender Equality)भन्ने

प्रचलनमा आएको कुरा उल्लेख गरेका छन् । महिलालाई जव सम्म आर्थिक, राजनैतिक, शैक्षिक रुपले सशक्तिकरण (Empowerment) गरिदैन तवसम्म लैङ्गिक समानता सम्भव छैन त्यो सशक्तीकरण गर्नका निम्ति महिला शिक्षामा जोड दिनु पर्ने,निर्णय तहमा महिलालाई सहभागी वनाउनु पर्ने, महिलालाई यथास्थितीमा राख्ने सोंचलाई परिवर्तन गर्नु पर्ने, आर्थिक कृयाकलापमा महिलालाई पनि सहभागी गराउनु पर्ने कुरामा जोड दिएका छन्। यी प्रयासका वावजुद यी धारणालाई विद्यालय देखि विश्व विद्यालय तह सम्म अध्ययन अध्यापन गराउनु पर्ने, महिला प्रतिको समाजको दृष्टिकोण र परम्परागत ढंगमा रहेका संकुचित अवधारणा वदल्न अभिमुखिकरण कार्यक्रम र तालिम संचालन गर्ने , विद्यालय स्तरका छात्रालाई निःशुल्क पाठ्यपुस्तक र पोसाक उपलब्ध गराउदै जाने, प्राथमिक तहमा अनिवार्य महिला शिक्षिकाको व्यवस्था गर्ने, अनौपचारिक शिक्षा मार्फत चेलीवेटी कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्ने,विद्यालयमा समुदायका व्यक्तिलाई भेला गराई लैङ्गिक समानता सम्वन्धी चर्चा गर्ने,विद्यार्थी शिक्षक कर्मचारी वा समुदायका व्यक्तिले लैङ्गिक समानताकालागि गरेका राम्रा कामको प्रशंसा गर्ने आदि कार्य गर्न लैङ्गिक समानताका लागि शिक्षाको क्षेत्रवाट महत्वपूर्ण योगदान पुग्न सक्ने छ (ढकाल र कोइराला,२०६३:३३२) ।

महिला सशक्तिकरणका वारेमा अन्तराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय स्तरमा कानूनी रुपमा विभिन्न विषयवस्तु समेटिएको कुरा शर्मा र शर्माले सामाजिक न्यायका धारणाहरु भन्ने शिर्षकमा महिला अधिकारका वारेमा अन्तराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय स्तरमा समेत केन्द्रित भएका विषयवस्तु उल्लेख गरेका छन् जस्मा महिला र पुरुषलाई शिक्षा, सम्पत्ति, स्वास्थ्य र जागिरमा समान अवसर दिनुपर्ने, नीति निर्णयदेखि तल्लो तह सम्म महिलाको प्रतिनिधित्व अनिवार्य रुपमा गराउनुपर्ने, महिला र पुरुषवीचको समान अधिकारलाई कानुनी रुपमा प्रत्याभूति दिनुपर्ने,महिला माथि गरिने भेदभाव र शोषण रोक्न तुरुन्त कानुन वनाउनुपर्ने, राजनैतिक, सामाजिक आर्थिक तथा सांस्कृतिक क्षेत्रमा महिला सहभागिता वढाउन आवश्यक उपायहरुको अवलम्वन गर्नुपर्ने उल्लेख गरिएको छ । महिला अधिकार सम्वन्धी सन् १९९५ मा वेईजिङ्गमा भएको चौथो महिला विश्व सम्मेलनले पनि यीनै कुराहरुमा जोड दिएको थियो । संयुक्त राष्ट्रसंघीय महिला विकासकोष वेइजिङ्ग कार्य योजनाको कार्यान्वयनलाई सहयोग गर्ने दिशामा कार्यरत छ । वेईजिङ्ग कार्ययोजना महिला जीवनसंग

सम्वन्धित सवै पक्षहरुमा महिला सशक्तिकरणको अभिवृद्धितर्फ लक्षित भएको उनको भनाई छ (शर्मा र शर्मा, २०६७ : ३६६) ।

सामाजिक लिङ्गभेद छ जसलाई निरन्तरता दिनको लागि विभेदपूर्ण लोकोक्ति र भाषा, सामाजिकीकरण, सञ्चारका माध्यमहरु र धार्मिक तथा शैक्षिक संघसंस्थाले ऊर्जा दिइरहेका ले स्रोत साधनको प्राप्तिमा महिलाको अवस्था  बारेमा आचार्यको भनाई अनुसार मानवले बनाएका नियम, मूल्य/मान्यता एवं संस्कृतिका आधारमा महिला वा पुरुषलाई छुट्टयाउनुलाई सामाजिक लिङ्ग भेद भनेका छन् । यही सामाजिक भेदका आधारमा समाजले निर्माण गरेको महिला तथा पुरुषको भिन्नाभिन्नै भूमिका, जिम्मेवारी एवं स्तरका अन्तर नै लैङ्गिक भेदभाव भन्ने उल्लेख गरेका छन् । लैङ्गिक भेदभावकै कारण समाजमा महिला र पुरुषप्रति अधिकार, कर्तव्य, जिम्मेवारी, दायित्व, र अपेक्षा  फरक फरक लिइन्छ । मानव निर्मित आधार अथवा मूल्यले पुरुषलाई बढी स्वतन्त्रता दिएको छ र महिलालाई स्रोतसाधन प्राप्त गर्न र तिनलाई स्वतन्त्र रुपले प्रयोग गर्न समेत रोकेको भनि वर्णन गरेका छन्  (आचार्य, २०६४ : १५६) ।

हाम्रो समाजमा नारीहरु उत्पीडनमा परेका छन् र यसबाट उनीहरुलाई मुक्ति दिलाउनु पर्छ भन्ने कुरा काफ्ले,ढकाल र अधिकारी (२०६५) द्धारा उद्धृत, महिलाहरु आफ्नो हक, अधिकार र अवसरबाट वञ्चित भएको , उनीहरुलाई सामाजिक रुपमै कमजोर बनाइएको , पितृसत्ताको कालो ओढारमा गुम्सिएर आफ्ना इच्छा र चाहनालाई गर्भमै तुहाउन बाध्य गराईएको वताईएको छ । त्यसकारण महिलाहरुको समानताका लागि, नारी विकासका लागि, नारी न्यायका लागि , नारी हकहित र अधिकारका लागि महिलालाई पुरुष सरह बनाउनु पर्छ । महिला र पुरुषबीच कुनै पनि लैङ्गिक विभेद र असमानता हुनुहुँदैन । महिलालाई दमन र शोषण गर्ने पुरुषको कुनै अधिकार छैन भन्ने वैचारिक दर्शनको वकालत नारीवादले गर्दछ । महिलालाई पुरुषसँग राजनीतिक र सामाजिक अधिकारको वकालत गर्ने सिद्धान्त, यस्ता अधिकार प्राप्तिका लागि गरिएको संगठित आन्दोलन, महिलाहरुले सामूहिक रुपमा आफ्ना मागको घोषणा, उनीहरुले आफ्नो अवस्था, अधिकारआदि व्याख्या गर्न सिर्जना गरेका सिद्धान्त र महिलाहरुको शक्ति अभिवृद्धि गर्नका लागि सामाजिक संरचनामा परिवर्तन ल्याउनु पर्ने मान्यताहरु नारीवादको परिभाषा भित्र पर्दछन् । समग्रंमा भन्नुपर्दा महिलाहरुले पुरुषहरु सरह अधिकार पाउनु र प्राकृतिक तथा सामाजिक लिङ्गभेदका आधारमा

लगाइएका बन्देजहरुबाट मुक्ति पाउनु पर्दछ भन्ने धारणा नै नारीवाद हो । नारीवादका निम्ति काम गर्ने, वकालत गर्ने, आन्दोलनमा उत्रने महिला तथा पुरुष दुवैलाई नारीवादी भनिन्छ भनि उल्लेख गरिएको छ ( काफ्ले,ढकाल र अधिकारी,२०६५:६०) ।

घरको जिम्मेवारी जस्तै भान्सा, बच्चा, गोठ आदिको जिम्मेवारी महिलालाई दिइन्छ । आर्थिक एवं पूँजीगत स्रोत र क्षेत्रहरुमा महिलाहरुको पहुँच छैन । महिलाको अधिकार शिक्षा, स्वास्थ्य, स्वतन्त्रता प्रति समाज उदासिन छ । महिलाले गर्ने पुरुषहरुले गर्ने भनेर कामहरु किटान गरिएको छ । यस्ता किटानीयुक्त कार्यले महिलालाई अन्यायमा पारेको अध्ययनमा प्रष्ट पारिएको छ ।

आचार्य (२०६४)ले उद्धृत गरे अनुसार, ADB (१९९९) मा प्रकाशित 'नेपालमा महिला' शीर्षकको अध्ययन प्रतिवेदनमा नेपालमा महिलाहरुको शैक्षिक, सामाजिक, आर्थिक स्थितिका बारेमा उल्लेख गरिएकोछ । जस अनुसार समाजमा महिला विरुद्ध कानूनी अड्चन तथा रुढिवादी सामाजिक, सांस्कृतिक संस्कार अझै कायम छ । उत्पादनका स्रोत जस्तै सम्पत्ति, जग्गा , श्रम, आधुनिक ज्ञान, सूचना प्रविधिको पहुँच तथा नियन्त्रणमा महिलालाई बन्देज छ। महिलालाई रोजगारी एवं ज्याला बारेमा कम जानकारी हुनुको साथै महिलाका आर्थिक क्रियाकलापलाई ओझेलमा पारिएकोछ । निर्वाहमुखी कृषिमा महिलाको संलग्नता छ । महिलाहरुमा शिक्षा, सीप, मोलमोलाई शक्ति कम छ । कम ज्याला, कम सीप र निम्नस्तरको काममा संलग्नता छ । प्रत्युत्पादक भूमिकाको कारण शिक्षा, सीप र सूचनाको निम्ति समय कम छ । समाजमा आधुनिक प्रविधिको अभावमा श्रमको खाँचो छ । शिक्षाको कमीका कारण महिलाको श्रम क्षेत्र थोरै छ । महिला साक्षरता कमी छ । केटीहरुको उमेर थपिँदै जाँदा घरको जिम्मेवारी पनि थपिन्छ । त्यसैले शिक्षामा केटीहरुको सहभागिता घट्दै जान्छ । महिला शिक्षाको प्रमुख समस्या भनेको साक्षरता, विद्यालय भर्ना, निरन्तरता र शैक्षिक उपलब्धिमा कम हुनु हो । छोरीको शिक्षाको निम्ति खर्च गर्न नरुचाउने मानसिकता महिला शिक्षाको बाधक हो । ड्रेस, शुल्क आदिले शिक्षाप्रतिको इच्छालाई पनि रोक्छ । समग्रमा गरीवी, काम, सँस्कृति सोचाई महिला शिक्षाको बाधक हो । उक्त प्रतिवेदनले पनि समाजमा महिलाहरु सामाजिक, आर्थिक, शैक्षिक क्षेत्रमा पछि छन् भन्ने कुरा बताएको छ (आचार्य, २०६४ : १८५-१८९) ।

विश्व २१ औं शताब्दीमा पुग्दा पनि नेपाली समाजको दायरा फराकिलो हुन सकेको छैन जस्को कारण नारी शिक्षाको कमी हो । यसै सन्दर्भमा गुरुङले समाजको संकीर्ण दायरामा महिलाहरु भन्ने लेखमा विश्व २१ औं शताब्दीमा पुग्दा पनि नेपाली समाजको दायरा फराकिलो हुन नसकेको वताएका छन् । कुनै पनि पुरुषसँगको निकटता र आत्मीय समन्वयको वास्तविकता नबुझी अनावश्यक रुपमा टिकाटिप्पणीले गर्दा कुनै पनि नारीले आफूलाई निर्धक्क रुपमा प्रस्तुत गर्न सक्दिनन् । महिला प्रतिको समाजको कसिलो बन्धन र पुरुष प्रधान समाजमा महिलाहरुलाई पत्नी र आमाको बाहेक अन्य भूमिकामा देख्न नचाहने मानसिकता एवं दासी वा दोस्रो दर्जा दिने संकीर्ण सोच एवम् मनोवृत्तिले कहिल्यै आफूलाई पूर्ण स्वतन्त्र भएको अनुभव गर्न सक्दैनन् भन्दै त्यसको मूल जरो भनेकै नारी शिक्षाको आवश्यकतालाई औंल्याइएको छ (गुरुङ, २०६० : १२५) ।

समाजमा पाप र धर्मको जिम्मेवारी नारीले मात्र सुम्पिनु पर्ने वाध्यता जस्तै पढेलेखेका नारीहरु पनि धर्मको नाममा अत्यधिक समय खर्चिएको कुरालाई पौडेलको अध्ययनले समेत जोड दिएको छ जसमा नेपाली समाज धार्मिक मान्यता र सोचाइ प्रति संवेदनशील र प्रतिवद्ध भएकोले कतिपय पढेलेखेको महिलाहरु पनि छोरी प्रतिको पूर्वाग्रहबाट मुक्त छैनन् भन्ने  कुरा वर्णन गरेका छन् । त्यसैले त प्राय छोरा छोरी दुवै भएका अधिकांश दम्पतीहरुले छोराहरुलाई महंगो बोर्डिङ स्कूलमा भर्ना गरेर पढाउछन् त छोरीलाई सरकारी स्कूल पठाउने गर्दछन् । त्यसैगरी परिवारमा छोराका लागि पढाई प्राथमिकताको विषय बनाइएको हुन सक्छ तर छोरीका लागि पढाइ भन्दा घरधन्दा प्राथमिकताको विषय बनाइएको छ । स्कूल जाने छोरीले पनि घरमा आमालाई गृहस्थी कार्यमा सघाउनु सामान्य नै मानिन्छ भनि उल्लेख गरेका छन् (पौडेल, २०५८ : ३१) ।

लैङ्गिक भेदभावकै कारण महिलाको भूमिका जिम्मेवारी, अधिकार,कर्तव्य फरक छ, सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पछि छन् भन्ने सम्वन्धमा आचार्यले लैङ्गिक अवधारणा र समाजका विविध पक्षमा महिलाको भूमिका भन्ने लेखमा महिला शिक्षाको हकमा  नेपाल सरकारले छात्रवृत्ति तथा अन्य सुविधाहरु प्रदान गरेको छ भन्ने उल्लेख गरेका छन् । यसबाट शिक्षा क्षेत्रमा महिलाहरुको सहभागिता बढाउने काम पनि भएको छ । तर केटीहरुले इच्छा

गरेको तह वा ठाउँसम्म पुगेर पढ्न भने उनीहरुलाई स्वतन्त्रता छैन । अभिभावक, श्रीमान वा बाबुको स्वीकृति नभइ छात्रवृत्ति अन्तर्गत विदेशमा पढ्न जान सरकारले अनुमति दिँदैन । त्यसमा पनि आर्थिक स्रोत माथि पहुँच, नियन्त्रण नभएको हुँदा आफ्नो रुची अनुसारको, आफूले रोजेको ठाउँमा पढ्न जान यसै पनि उनीहरु सक्षम हुँदैनन् । श्रीमती र छोराहरुको मात्र सम्भार/हेरचाह गर्नुपर्ने कानुनी वाध्यता भएको हुँदा बुबालाई छोरीको शिक्षामा खर्च गर्नुपर्छ भन्ने कुनै वाध्यता नै हुँदैन । यो प्रावधानले शिक्षालाई केटाकेटीको अधिकार हो भन्ने नारालाई नै चुनौती दिन्छ भनि उल्लेख गरिएको छ (आचार्य, २०६४ : १६९) ।

हालको परिस्थितिमा सुविधा विहीन पेशागत समूह तथा सुविधा विहीन समूदायलाई विभिन्न क्षेत्रमा विभिन्न सुविधा दिँदै आइएको छ तर पनि उनीहरुको आत्मवल वढाउन अझ सकिएको छैन भन्ने सम्वन्धमा उल्लेख भए अनुसार आमाबाबुको छोरीको शिक्षाप्रतिको नकारात्मक धारणा, छोरीमाथि जिम्मेवारीको बोझ, विद्यालयको कमजोर भौतिक अवस्था, परिवारको आकार, परिवारको आम्दानी, कमजोर आर्थिक अवस्था जस्ता कारणहरुले छात्राहरु छिटै विद्यालय छाड्ने गरेको पाइन्छ । यसरी छिटै विद्यालय छोड्ने छात्राहरु सुविधाविहीन पेशागत समूह (कामी, दमाई, सार्की, वादी) तथा सुविधा विहीन समूदाय (थारु, तामाङ) मा बढी रहेको पाइएको छ । यसरी समाज जति विकसित बन्दै गएपनि जातिय विविधता प्रति सोचाइमा परिवर्तन आउन नसक्नुको प्रत्यक्ष असर महिला शिक्षा माथि परेको देखाइएको छ (सेरिड, १९९१) ।

हाल महिलाको नाममा जग्गा खरिद गर्दा रजिष्ट्रेशन शुल्कमा २५% छुट भनिएता पनि महिलाको अवस्था आर्थिक स्रोतमाथिको नियन्त्रणमा कमी रहेको छ । यसै सन्दर्भमा दिदीबहिनी डाइरेक्टरी (२००१), आचार्य (२०६४) ले उद्धृत गरे अनुसार नेपालमा महिलाहरुको अवस्था शीर्षक अन्तर्गत स्रोतमाथिको पहुँच तथा नियन्त्रण, श्रमको विभाजन, शिक्षा, गतिशीलता र निर्णय क्षेत्रको बारेमा तथ्यांक संकलन गरिएको थियो । जसअनुसार १% भन्दा कम महिलाहरुको मात्र आफ्नो नाममा जग्गा छ, ५% भन्दा कम महिलाहरुको आर्थिक स्रोतमाथि नियन्त्रण छ । महिलाहरु पुरुषभन्दा दिनमा ४.५ घन्टा बढी काम गर्दछन्। लेख्न पढ्न जान्ने प्रौढ महिलाको संख्या १०% छ । करिव ९०% महिलाहरुको आवतजावत माइती र मन्दिरमा सीमित छ । करिव सम्पूर्ण महिलाहरु पानी, दाउरा लिन र खेतमा काम

गर्न जान्छन् । महिलाहरुको निर्णय क्षेत्र अन्तर्गत भाँडाकुडाँ तथा सागसब्जीको बीऊ, ओछ्यानका सामान, केटाकेटीका लुगाफाटा, केटाकेटीहरुको स्वास्थ्य, चाडपर्वमा लाग्ने खाद्य सामग्रीको अनुमान पर्दछ भने पुरुषहरुको निर्णय क्षेत्र अन्तर्गत जग्गा किनबेच, भौतिक सामग्री जस्तै टेलिभिजन, फर्निचरको किनबेच, वस्तुभाउको किनबेच र रासायनिक मल, प्रौढका लुगाफाटाका साथै र केटाकेटीहरुको स्कूलको छनौट, परिवार नियाजनको निर्णय, वर-वधु छान्ने काम पर्दछ भनि उल्लेख गरिएको छ ।

नारी शिक्षा प्रतिको समाजको नकारात्मक दृष्टिकोणले गर्दा एस.एल.सी.को नतीजामा छात्राको उत्तीर्ण प्रतिशत न्यून देखिएको छ । एस.एल.सी. २०६४ को विश्लेषणमा कूल सहभागी विद्यार्थी संख्या ३०७०७८ रहेकोमा छात्रहरु १६६३७० र छात्रा १४०७०८ मध्ये १९५६९८ उत्तीर्ण भएकोमा छात्र ११२९७५ र छात्रा ८२७१४ उत्तीर्ण भएको कुरा उल्लेख गरिएको छ । छात्रको उत्तीर्णदर ६७.१८% छात्राको ५८.७८% करीव ९ प्रतिशतले छात्राहरुको उत्तीर्ण दर कम रहेको छ । श्रेणीगत रुपमा हेर्दा विशिष्ट श्रेणीमा ९८८२ मध्ये छात्रा मात्र ३६१६ त्यसैगरी प्रथम श्रेणीमा ७४७०७ मध्ये छात्रा २९३५० ,दोस्रो श्रेणीमा १०५५९२ मध्ये छात्रा ७४३०१ र तृतीय श्रेणीमा ५५०८ मध्ये १४४७ छात्राहरु उत्तीर्ण भएका छन् । यसरी सिंगो जनसंख्यामा महिलाको संख्या बढी हुँदाहुँदै पनि एस.एल.सी. २०६४ को रिजल्टमा छात्राहरुको अवस्था पछाडि परेको देखाइएको छ (घिमिरे, २०६५ : ४०) ।

ग्रामीण क्षेत्रमा लैङ्गिक विभेदको प्रभाव बढी पर्ने भएकोले शहरी क्षेत्रको तुलनामा छात्रा भर्ना र नियमिततामा कमी आएको छ । यसै सन्दर्भमा ढकालले प्राथमिक तहमा छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वको अध्ययनमा जातीय र आर्थिक कारणलाई औल्याएका छन्। ग्रामीण क्षेत्रमा लैङ्गिक विभेदको प्रभाव बढी पर्ने भएकोले शहरी क्षेत्रको तुलनामा छात्रा भर्ना र नियमिततामा क्रमशः १.६% र २.७३% ले कमी रहेको बताएका छन् । उक्त अध्ययनमा विद्यालयमा महिला शिक्षकको व्यवस्था, उदार कक्षोन्नति, अतिरिक्त क्रियाकलापमा सहभागिता, बालमैत्री सिकाइ व्यवहार, सुरक्षा व्यवस्थाले छात्रा भर्ना र नियमिततामा सकारात्मक प्रभाव पार्ने कुरा उल्लेख गरिएको छ (ढकाल, २०६६ : ३६) ।

शिक्षामा छात्रालाई छात्रजस्तै समान मौका, सुविधा, व्यवहार दिने प्रावधान शिक्षा नियमावलीमा व्यवस्था भएतापनि कार्यान्वयन पक्ष फितलो भएकोले व्यवस्था अनुसारको प्रतिफल प्राप्त भएको छैन । पोखरेलका अनुसार शिक्षामा महिला पुरुषको समान अवसर भनिएता पनि सफल कार्यान्वयन नभएकै कारण महिलाको साक्षरता प्रतिशत कम भएको र समाज पितृसत्तात्मक सोचबाट गुज्रिरहेको अवस्थामा शैक्षिक र आर्थिक अवस्था कमजोर भएका परिवारका छात्राहरु घरधन्दाको व्यस्तताले गर्दा विद्यालयको गृहकार्य पूरा नगर्ने, विद्यालय गएर निदाउने र शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय नहुने जस्ता समस्या देखापर्ने औल्याएका छन् । शिक्षा नियमावलीमा व्यवस्था भए अनुरुप विद्यालयहरुमा महिला शिक्षकको व्यवस्था गर्न नसक्नु, छात्रवृत्तिको कोटा नबढाइनु, छात्राबासको व्यवस्था नहुनु, दिवा खाजाको कार्यक्रम सबै जिल्लामा लागु गर्न नसक्नु पनि महिला साक्षरता प्रतिशत कमी आउनुका कारण रहेका छन् (पोखरेल, २०६७ : ४२) ।

माध्यमिक विद्यालयमा छात्रा भर्नादर र वार्षिक परीक्षा उत्तीर्ण प्रतिशतमा केही सुधार भएतापनि छात्रको तुलनामा छात्राहरुको सहभागिता विभिन्न तत्वको प्रभाव पार्ने गरेको छ यसै सन्दर्भमा उपाध्यायका अनुसार माध्यमिक विद्यालयमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरु विषयक अनुसन्धानात्मक प्रतिवेदनमा शैक्षिक वर्ष २०६४, २०६५, २०६६ सालमा पाल्पामा कक्षा ९ र १० मा छात्रा भर्नादर र वार्षिक परीक्षा उत्तीर्ण प्रतिशतमा केही सुधार भएतापनि छात्रको तुलनामा छात्राहरुको सहभागिता न्यून रहेको बताइएको छ । उक्त प्रतिवेदनमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरुलाई सामाजिक तत्व, आर्थिक तत्व, जनचेतना सम्वन्धी तत्व, पाठ्यक्रम सम्वन्धी तत्व र अन्य तत्व गरी पाँच तत्वलाई प्रमुख मानिएको छ (उपाध्याय, २०६७ : ३३ ) ।

उल्लेखित प्रतिवेदन, लेख, अनुसन्धानात्मक कृतिका आधारमा यो भन्न सकिन्छ कि समाजमा अझै पनि महिलाप्रति सामाजिक भेदभाव छ । अझै पनि महिला हक, अधिकार प्रतिभा र दक्षताको पहिचानको उपयोग हुन सकेकोछैन । महिला समाजका सबै पक्षमा पिडित र पछाडि छन् । यसको प्रमुख कारण समाजमा विद्यमान लैङ्गिक भेदभाव र त्यसैको आधारमा स्थापित भेदभावपूर्ण लैङ्गिक भूमिका हो । लैङ्गिक भूमिका कै कारण महिला र पुरुषका हक,

कर्तव्य जिम्मेवारी पहुँच फरक फरक छ । जुन महिलाको निम्ति भेदभावपूर्ण छन् । लैङ्गिक भेदभावकै कारण महिलाहरु सामाजिक, आर्थिक क्षेत्रमा पछि परेका छन् ।

अध्ययन गरिएका कृतिहरुमा समाजमा हुने लैङ्गिक भेदभावका बारेमा उल्लेख गरिए पनि कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा हुन सक्ने लैङ्गिक भेदभाव, हिंसा, पक्षपात आदिका बारेमा उल्लेख गरिएको छैन तापनि उल्लेखित साहित्यको पुनरावलोकनले यो अध्ययनको शीर्षक चयन देखि लिएर अध्ययनलाई सही मार्ग निर्देशन प्रदान गर्न र निश्चित सिद्धान्त तय गर्ने आधार मिलेको छ ।

## २.२ सैद्धान्तिक खाका

यस अध्ययनलाई दुई किसिमका सैद्धान्तिक खाकावाट हेरिएको छ । पहिलो लैंगिक सिद्धान्त दोस्रो व्यवस्थापकीय सिद्धान्त । लैंगिक सिद्धान्त अन्तर्गत नारीवाद र व्यवस्थापकीय सिद्धान्त अन्तर्गत जर्ज ईल्टनमायोको मानव सम्वन्ध सिद्धान्त र ईमाइल दुर्खिमको सामाजिक र सामूहिक चेतनाको सिद्धान्तलाई प्रयोग गरिएको छ ।

### अ) लैंगिक सिद्धान्त

यस सिद्धान्त मार्फत महिला र पुरुष वीचको सामाजिक विभेद र उनीहरुवीच त्यसवाट उत्पन्न शैक्षिक असमानतालाई वुझ्ने र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### नारीवाद

महिलाहरुले पुरुषहरु सहर अधिकार पाउनु र प्राकृतिक तथा सामाजिक लिङ्गभेदका आधारमा मुक्ति दिलाउनु पर्छ भन्ने धारणा नारीवादको रहेको हुन्छ । आचार्य (२०६४) ले उद्धृत गरे अनुसार महिलावादलाई उदार, मार्क्सवादी, समाजवादी, आमूल महिलावादमा वर्गीकरण गरी निम्नानुसार उल्लेख गरिएको छ  (आचार्य, २०६४ : ३२३) ।

## क) उदार महिलावाद

उत्पत्तिका दृष्टिले सोह्रौ र सत्रौ शताब्दीदेखि नै विकास भएको यस महिलावादले महिलाको स्वतन्त्रता र विकासलाई जोड दिएको छ । महिलाहरुलाई सामाजिक साँस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरुप निर्धारण गरेकोले उनीहरु पुरुषसरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् । उनीहरुलाई घरभित्रका आय नहुने  तथा नियमित र दैनिक कम महत्वका कार्यमा सिमित गरिएको छ । यसैले महिलाहरुको स्वतन्त्रतालाई बढावा दिन सके महिला मुक्तिका प्रयाशहरु सार्थक रहन सक्ने मान्यता उदारवादी महिलावादको रहेको छ । महिलाले काम गर्ने, पढ्ने, जागिर तथा व्यवसाय गर्ने लगायतका महिलाका व्यक्तिगत स्वतन्त्रताहरुमा पुरुष तथा पितृसत्ता बाधक बन्न नहुने धारणा यस महिलावादको रहेको छ । समान उत्तरदायित्व शिक्षा, संचार आदिको विकासले मात्र लैङ्गिक विभेद हट्न सक्छ भन्ने मान्यता रहेको यस सिद्धान्त व्यक्तिवादी, व्यक्तिगत छनौट स्वतन्त्रता तथा समान अवसरको मूल्यबाट निर्देशित रहेको कुरा उल्लेख गरिएको छ  (आचार्य २०६४ : ३२३)  ।

## ख) मार्क्सवादी महिलावाद

उत्पत्तिका दृष्टिले उन्नाइसौ शताब्दीमा विकास भएको यस मार्क्सवादी महिलावादले वर्गीय आधारमा समाजको व्याख्या विश्लेषण गर्न सकिएमा महिला माथिको दमन, विभेद र असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाइ राख्दछ । यस प्रकारको महिलामाथिको दमन, अत्याचार तथा शोषण खासगरी पितृसत्ता र पूँजीवादी संरचनाबाट भएको निष्कर्ष मार्क्सवादी महिलावादीहरुको रहेको छ । लैङ्गिक विभेदलाई कुनै जैविकीय पक्ष नमानी सामाजिक र आर्थिक पक्षलाई नै मुख्य कारक तत्वका रुपमा मान्ने यस महिलावाद अनुसार परिवार देखि नै यस्तो विभेदले सामाजिक मान्यता पाएको उल्लेख गरिएको छ । सम्पत्तिमाथि व्यक्तिगत स्वामित्व (Private ownership) नै महिला पुरुष विभेदको मूल कारण भएकोले वर्गीय समाजको विनासपछि मात्र लैङ्गिक समता कायम हुन सक्ने बताइएको छ । प्रत्येक वर्गमा महिलाहरु शोषित र कम शक्तिशाली हुन्छन् पूँजीवादी समाजमा छोराको महत्व तथा पितृसत्तात्मक परिवारमा पैतृक सम्पत्तिको हस्तान्तरणले लैङ्गिक विभेद सृजना गर्ने भएकोले समाजको संरचनालाई आमूल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिने विश्वास राख्दछ भनि उल्लेख गरिएको छ (आचार्य, २०६४ : ३२८) ।

## ग) मौलिक महिलावाद

सन् १९६० र १९७० को दशकतिर प्रभावशाली भएको यस महिलावादले सामाजिक साँस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाहरुको विश्वव्यापी अबमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । महिलालाई दमन गर्ने पुरुषहरु हुन् जसको प्रारम्भिक थलो नै परिवार हो । परिवारबाटै प्राकृतिक लिङ्गका आधारमा श्रमविभाजन र यसै अनुरुपका सामाजिकीकरण तथा भूमिका हस्तान्तरण हुने गर्दछ ।

महिलामाथिका हिंसाका घटनाहरु जस्तै कुटपीट, गर्भपतन, यौन दुर्व्यवहार, बलात्कार, मानसिक तनाव जस्ता व्यवहारहरु पितृसत्तात्मक समाजमा प्रशस्तै देखिन्छ । यस्ता समाजमा महिलाहरुलाई पुरुषहरुको यौन इच्छापूर्तिको साधन र बच्चा जन्माउने साधनका रुपमा लिइने भएको यस्तो व्यवहारमा आमूल परिवर्तन गर्न आवश्यक छ । किन र कसरी पितृसत्तात्मक ढाँचाबाट महिलाहरुको शोषण भएको छ यसका कारक तत्व खोज्दै जनचेतना जगाउने , पुरुषसँगको निर्भरता हटाउने, महिलाप्रतिको सकारात्मक दृष्टिकोणको विकास गर्ने, महिलाको नेतृत्वमा रहने कार्यक्रम संचालन गर्ने, घरायसी झन्झटपूर्ण कार्यबाट छुटकारा दिलाउने सवालमा जोड दिनुपर्ने कुरा उल्लेख गरेका छन् (आचार्य, २०६४ : ३३३) ।

## घ) समाजवादी महिलावाद

आचार्य (२०६४) ले उद्धृत गरे अनुसार, मार्क्सवादी तथा उदार महिलावादको संश्लेषणको रुपमा लिन सकिने यस समाजवादी महिलावादले लैङ्गिक दमन सामाजिक कारणबाट हुने भएकोले महिलाप्रतिका विभेद पुरुष र महिला स्वयंबाटै भएको ठान्दछ । सामाजिक साँस्कृतिक व्यवस्थाका कारण पनि अनेकौ लैङ्गिक विभेद सिर्जना भएका कारण यसका विरुद्धमा सशक्तिकरणको प्रक्रियालाई जोड दिनु पर्दछ । समाजवादी महिलावादीहरुले महिलाको भूमिका व्याख्या गर्दा लिङ्गका आधारमा रहेका श्रम विभाजन (Division of Labor) को अवस्थालाई मात्र विश्लेषण नगरी सामाजिकीकरण तथा पुनरउत्पादन (Reproduction) भूमिका र अवस्थाका बारेमा पनि विश्लेषण गर्नुपर्ने धारणा राखेका छन्। महिलाहरु बढी समय बढी काम गर्छन् कमसल र कम उत्पादनशील कार्यमा उनीहरु

संलग्न हुन्छन् त्यसैले उत्पादन व्यवस्थाको पुनरसंरचनाबाट सामाजिक समानता अर्थात लैङ्गिक समानता कायम गर्न सकिन्छ भनि उल्लेख गरेका छन् (आचार्य, २०६४ : ३३७) ।

अतः नारीवाद महिलाका पक्षमा बहस गर्ने अर्थात् महिलाको विचार (हित) लाई जोड दिने वाद भएकोले विद्यालयमा सिकाइमा लैङ्गिक समानता ल्याउनको लागि सिकाइमा छात्र छात्रालाई समान अवसर र समान अधिकार दिनुपर्ने, सिकाइमा निष्क्रिय रहने छात्राहरुलाई सक्रिय सहभागी गराउनुपर्ने, छात्राछात्रहरुबीचको वर्गीय चिन्तनलाई उन्मुलन गर्नुपर्ने र महिलाहरुको प्रत्युत्पादक भूमिकालाई सह्वाना गर्नुपर्ने बुझिन्छ ।

## आ) व्यवस्थापकीय सिद्धान्त

कोइराला र अन्य, (२०६६) ले उद्धृत गरे अनुसार विभिन्न क्षेत्रहरुमा सरल वा जटिल प्रकारको उद्देश्य प्राप्तिको लागि गरिने प्रवन्ध नै व्यवस्थापन हो । कुशलतापूर्वक साधन र स्रोतको परिचालन गर्ने कार्यलाई व्यवस्थापन भनिन्छ । यसर्थ संगठनको निर्धारित लक्ष्य र उद्देश्य हासिल गर्नका लागि आवश्यक पर्ने स्रोत साधन जुटाई व्यवस्थित ढंगले संचालन समन्वय गर्ने प्रक्रिया नै व्यवस्थापन हो । शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरु प्रभावकारी एवं सफलतापूर्वक संचालन गराउने प्रकृया हो (कोइराला र अन्य, २०६६) ।

विद्यालय एउटा सानो समाज हो । यहाँ विभिन्न जाति, धर्म, भाषा, सस्कृतिका व्यक्तिहरुको प्रतिनिधित्व रहन्छ । यहाँ गरिने व्यवस्थापन सवैलाई समेट्ने खालको र प्रजातान्त्रिक तथा सहभागितामूलक हुनु आवश्यक छ । यी सवैलाई उचित प्रतिनिधित्व गर्न निम्न व्यवस्थापकीय सिद्धान्तलाई व्यवहारमा उतार्दा उपयुक्त हुन्छ ।

## जर्ज ईल्टन मायोको मानव सम्वन्ध सिद्धान्त

कोइराला र अन्य,(२०६६)ले उद्धृत गरे अनुसार जर्ज ईल्टन मायो , (१८८०–१९४९) ले आफ्नो मानव सम्वन्ध सिद्धान्तमा कुनैपनि संस्थाको उचित व्यवस्थापन भनेको मानवीय सम्वन्धवाट हुनु पर्छ भन्ने विचार व्यक्त गरेका छन् । यस्ता मानवीय सम्वन्ध भित्र ध्यान दिनु पर्ने कुराहरुमा कुनै पनि संस्थामा सम्लग्न मानिसहरुको कमीकमजोरी पत्तालगाई

उनीहरुलाई समन्वय र प्रेरणा प्रदान गर्नु पर्दछ । उनीहरुको क्षमता अनुसार नेतृत्वको विकास गर्नु पर्दछ । संस्थामा उनीहरुको दक्षता वढाउन हरदम् कोशिश गर्नुपर्दछ । सांगठनिक कृयाकलापमा सवैलाई सहभागी वनाउनु पर्दछ । दोहोरो र वास्तविक संचार प्रणालीको विकास गर्नु पर्दछ । कार्यक्षमतामा वृद्धि गर्न सामाजिक दक्षता वढाउनु पर्दछ । मानिसलाई दया, माया, ममता, सम्मान, स्नेह र सत्कार आवश्यक हुन्छ । समुहकार्य र कार्य दक्षताको आधारमा उनीहरुलाई कृयासिल गराउनु पर्दछ भन्ने कुरा उल्लेख भएको छ ( कोइराला र अन्य २०६६:५०) ।

कुनैपनि संघसंस्थाको प्रगती त्यस संस्थामा हुने व्यवस्थापनले निर्धारण गर्दछ । जुन संस्थाको व्यवस्थापन ठीक ढंगवाट भएको हुन्छ त्यो संस्थाको प्रगति राम्रो हुन्छ । ठीक ढंगवाट नभएको व्यवस्थापनले सस्थालाई विनास तर्फ लैजान्छ । कक्षा शिक्षण व्यवस्थापनको सन्दर्भमा पनि यो नियम लागु हुन्छ । यदि सिकाइ कृयाकलापमा छात्र छात्राको उचित व्यवस्थापन र परिचालन भएको छ भने शैक्षिक उपलव्धी राम्रो हुन्छ तर छैन भने उपलव्धी राम्रो हुन सक्दैन । विद्यालय एउटा सानो समाज भएको हुँदा विभिन्न क्षमता भएका वालवालिकाहरुको सम्लग्नता हुन्छ उक्त विविधताहरुलाई ठीक ढंगवाट संचालन गर्न सक्नु नै कुशल कक्षा शिक्षण व्यवस्थापन हो ।

## इमाइल दुखिर्मको सामाजिक र सामूहिक चेतनाको सिद्धान्त

शर्मा र शर्मा, (२०६७) ले उद्धृत गरे जस्तै दुर्खिमका अनुसार शिक्षा एक सामाजिक वस्तु हो। शिक्षाले प्राप्त गरेका आदर्शहरुलाई नै समाजले आफ्नो आदर्शका रुपमा ग्रहण गर्दछ । शिक्षाले सामाजको विकासमा निरन्तर र प्रभावकारी योगदान गर्दछ । समाजको आवश्यकता अनुसार शिक्षाका प्रकारहरु निर्धारित हुने भएकोले शिक्षाले समाजको आवश्यकताको पूर्ति गर्न सक्नु पर्दछ । दुर्खिमका विचारमा शिक्षालाई समाजबाट कहिल्यै पनि अलग राख्न सकिदैन भने समाज पनि शिक्षाविना क्रियाशील र जीवन्त रहन सक्दैन । शिक्षा र समाज एक अर्काका पूरक हुन्। शिक्षाले समाजमा  समानता ल्याउँछ र सामाजिक दायित्वको बोध गराउँछ । शिक्षाले सामाजिक दायित्व ग्रहण गर्दछ र शिक्षालाई सामाजिक निकायको रुपमा विकसित गराउँछ । शिक्षाले  समाजका आवश्यकताहरु पूर्ति गर्दछ र सामाजिक योगदान पुऱ्याउँछ । शिक्षा पूर्णतया सामाजिक प्रक्रिया हो । समाजको चाहना, आदर्श, मूल्य

संस्कारसँगै शिक्षा पनि अगाडि बढ्छ । व्यक्ति र समाजका आधारमा नै शिक्षाको अस्तित्व संभव हुन्छ । शिक्षाले समाजका सामाजिक, साँस्कृतिका मान्यताहरुलाई अगाल्दै अगाडि बढ्नु पर्छ । सबै समाजका एउटै वातावरण हुँदैन फरक-फरक समाजिक मूल्य र मान्यता अनुसार समाज र सामाजिक प्रणाली चलेको हुन्छ । शिक्षाका प्रकारहरु समाजको सामाजिक तत्व र स्वरुप अनुसार हुन्छन् । सामाजिक परिवर्तन अनुसार शैक्षिक प्रणालीमा पनि परिवर्तन भइरहनु पर्दछ । समाजका प्रत्येक अंगले सिर्जना गरेका आदर्शहरुलाई शिक्षाले ग्रहण गर्न र संरक्षण गर्न सक्नुपर्दछ भन्ने कुरा उल्लेख गरेका छन् (शर्मा र अन्य २०६७ : २५१) ।

दुर्खिमका अनुसार शिक्षा र समाजबीच अन्योन्याश्रित सम्वन्ध रहन्छ । समाजको विकास गर्न र समाजलाई आदर्श समाज बनाउनको लागि समाजको अभिन्न अंगका रुपमा रहेका महिलाहरुको विकास हुनु अनिवार्य मानिन्छ । महिलाहरुको विकासको लागि उनीहरु सबैले शिक्षा प्राप्त गर्ने राम्रो अवसर पाउनुपर्छ । महिलाहरु शिक्षित भए भने उनीहरुले घरपरिवारलाई असल बनाउन सक्छन्  र आफ्ना बालबच्चाहरुलाई राम्रो शिक्षा प्रदान गरेर घरभित्र र समुदाय स्वच्छ, सफा र सुन्दर बनाएर समाजभित्र रहने खराव संस्कार र संस्कृतिलाई निरुत्साहित गरी असल बानी व्यहोरा र चालचलन स्थापित गर्न सक्छन् । यस्तो असल कुरा सिकाउने शिक्षा प्राप्त गर्नबाट धेरै बालिकाहरु वञ्चित भएका छन् । आर्थिक अभाव, छोरा र छोरीप्रति गरिने विभेद , सामाजिक अन्धविश्वासका कारणले छात्राहरु शिक्षा प्राप्त गर्नमा पछाडि परेका छन् । यस्तो अवस्थामा शिक्षामा समान अवसर र सबैका लागि शिक्षा (EFA) भन्ने राज्यको नारा पूरा हुन सक्दैन ।

अतः नारीवाद, जर्ज इल्टन मायो र इमाइल दुर्खिमको अवधारणालाई शिक्षण सिकाइ कृयाकलापमा उतार्न सकिएमा सिकाइ प्रभावकारी हुने भएकोले यो शोधकार्यलाई यिनैका सिद्धान्तको धारणासँग गाँसिएको छ ।

## २.३ शैक्षिक उपादेयता

अनुसन्धान निश्चित समस्या समाधान गर्न र नयाँ विषयवस्तु तथा ज्ञानको खोजी गर्ने उद्देश्यले गरिन्छ । यस अध्ययनले पनि नयाँ विषयवस्तु र क्षेत्रहरुको खोजी गरेको छ । यस्ता

विषयवस्तुहरुको खाजीको लागि साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउँछ । यस अध्ययनमा गरिएको सम्वन्धित साहित्यको पुनरावलोकनले सम्वन्धित विषयमा भएका पहिलेका खोजको मूल्याङ्कन गर्दै समिक्षात्मक विवरण प्रस्तुत गर्न सहयोग पुऱ्याएको छ । मूलतः सम्वन्धित साहित्यको पुनरावलोकनवाट शोधार्थीलाई आफूले गरेको अनुशन्धानको सम्वन्धित विषयमा आफूभन्दा पहिले के कस्ता अध्ययन भएको छ र सो सम्वन्धमा पूर्ववर्ती शोधार्थीहरुको धारणा के रहेछ भनि वुझ्नलाई समेत सहयोग पुऱ्याएको छ । यस्तैगरी आफूले गरेको काम पूर्ववर्ती काम भन्दा के कस्तो रुपमा भिन्न छ भनि देखाउनमा पनि यस अध्ययनमा सहयोग पुगेको छ ।

यस अनुसन्धानमा सम्वन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई सही मार्ग निर्देशन प्रदान गर्न र निश्चित सिद्धान्त तय गर्न मद्दत मिलेको छ । अनुसन्धानको शीर्षक सामुदायिक विद्यालयमा माध्यमिक तहको कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनको अवस्था रहेकोले अनुसन्धानको क्रममा अध्ययनलाई विषयान्तर हुनबाट जोगाइ शोधलाई क्रमवद्ध, संगठित एवं उद्देश्यमुखी बनाउन उपयोगी भएकोछ । अध्ययनको क्रममा कही कतै धेरै विषयवस्तुहरु समेट्न खोज्दा वृहत्तर भई आउन सक्ने सैद्धान्तिक विचलनलाई समेत जोगाउन सक्ने भएकोले सम्वन्धित साहित्यको पनुरावलोकन र सैद्धान्तिक खाकाको शैक्षिक उपादेयता महत्वपूर्ण रहेको छ ।

# परिच्छेद : तीन

## अध्ययन विधि

कुनै पनि अध्ययन उद्देश्य अनुरुप सम्पन्न गर्नका लागि विषय वस्तुअनुसारका विभिन्न तौर तरिकाहरु वा उपायहरुको अवलम्वन गर्नुपर्ने हुन्छ जसलाई अध्ययन विधि भनिन्छ ।यसमा व्यवस्थित कार्य योजनाको खाँचो पर्दछ । यसले बिषयको छनोटदेखि लिएर तथ्यांक संकलन ,विश्लेषण प्रस्तुतिकरण कार्य सम्म कुन कुन कार्यविधि अवलम्बन गर्ने सोको विस्तृत प्रकृया तथा योजना समेटेर अनुसन्धानकर्तालाई मार्ग निर्देशन गर्दछ ।यस परिच्छेदमा अनुसन्धानात्मक ढाँचा, जनसंख्या तथा नमूना छनौट, तथ्यांक संकलनका साधनहरु, तथ्यांकको स्रोतहरु, तथ्यांक संकलन प्रक्रिया र तथ्यांक विश्लेषण प्रक्रिया उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धानात्मक ढाँचा

अनसन्धान कार्यलाई व्यवस्थित ढंगबाट अगाडि वढाउन तयार गरिने वृहत योजना तथा रणनीतिलाई नै अनुसन्धानात्मक ढाँचा भनिन्छ । यसमा व्यवस्थित कार्य योजनाको खाँचो पर्दछ । यो अनुसन्धान गुणात्मक एवं परिमाणात्मक ढाँचा प्रयोग गरी मिश्रित ढाँचामा सम्पन्न गरिएको छ । तथ्यांक तथा सूचनाहरुको व्याख्या, विश्लेषण गुणात्मक ढाँचाको भएतापनि परिमाणात्मक तथ्यांकले यसलाई पुष्टि गरेको छ । यस अनसन्धानमा केही तथ्यांकलाई प्रतिशतमा र केही तथ्यांकलाई गुणात्मक रुपमा व्याख्या तथा विश्लेषण गरिएकोले यो अध्ययन मिश्रित ढाँचामा आधारित छ ।

### ३.२ जनसंख्या तथा नमूना छनौट

जिल्ला शिक्षा कार्यालय पाल्पाका अनुसार पाल्पा जिल्लामा २४४ प्रा.वि., ७७ नि.मा.वि., ५७ मा.वि. , ३९ उ.मा.वि. र १३ क्याम्पस गरी स्वीकृत र अनुमति प्राप्त सहित सामुदायिक तर्फ ४३० विद्यालय तथा क्याम्पसहरु रहेका छन् (जिल्ला शिक्षा कार्यालय,२०६८) । जिल्लामा रहेका ९६ मा.वि. र उ.मा.वि मध्ये अध्ययनका लागि तानसेन स्रोत केन्द्र भित्र पर्ने

जम्मा १२ वटा मा.वि. र उ.मा.वि. मध्ये ३ वटा माध्यमिक विद्यालय र ५ वटा उच्च माध्यमिक विद्यालय गरी जम्मा ८ वटा विद्यालयलाई मात्र नमूनाको रुपमा लिइएको छ ।

विद्यालय छनौट गर्दा भौगोलिक आधार (पूर्व, पश्चिम, उत्तर, दक्षिण) लाई मध्यनजर गर्दै सर्वोदय उ.मा.वि.वौघागुम्हा , लुम्विनी मा.वि.लुहुङ्ग वौघापोखराथोक , ग्राम्य उ.मा.वि. चिर्तुङ्धारा, जनप्रिय मा.वि. बर्तुङ्ग, सरस्वती मा.वि, सुन्दरगाउँ, लक्ष्मी उ.मा.वि. वन्दिपोखरा, सेन उ.मा.वि. तानसेन, मोहन कन्या उ.मा.वि. तानसेनलाई लिइएको छ (परिशिष्ट -१) । यस अध्ययन कार्यको उद्देश्य प्राप्त गर्नको लागि आवश्यक सूचना तथा तथ्यांक संकलन गर्न छनौटमा परेका ८ वटा विद्यालयहरुबाट लिइएको जनसंख्या तथा नमूना छनौट तथा विवरण निम्नानुसार रहको छ :-

**तालिका १ : जनसंख्या तथा नमूना छनौट**

| क्र.सं. | विवरण | जनसंख्या | नमूना | प्रतिशत | छनौटको आधार |
|---|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | १२ | ८ | ६६.६६ | उद्देश्यमूलक |
| २ | शिक्षक(मा.तहमा.अध्यापनरत) | ४० | १६ | ४० | उद्देश्यमूलक |
| ३ | विद्यार्थी (कक्षा ९का छात्रछात्रा) | ८४० | ४५ | ५.३५ | अंश नमूना |
| ४ | कक्षा ( कक्षा ९ ) | ६४ | ८ | १२.५ | सुविधाजनक |

तालिका १ मा उल्लेख गरिएको जनसंख्या तथा नमूना छनौटमा प्रधानाध्यापक, शिक्षक, छात्रा र कक्षा निम्नानुसार छनौट गरिएको छ ।

## क) प्रधानाध्यापक

अध्ययन क्षेत्रमा भएका जम्मा १२ जना प्रधानाध्यापकहरुमध्ये ८(६६.६६%) जनालाई उद्देश्यमूलक ढंगबाट नमूना छनौट गरिएको छ ।

## ख) शिक्षक

अध्ययनका लागि छनौट गरिएका आठओटा विद्यालयमा कक्षा ९ मा अध्यापनरत ४० जना शिक्षकहरुमध्ये प्रत्येक विद्यालयबाट २/२ जना पर्ने गरी जम्मा १६(४०%) जना शिक्षकहरुलाई सुविधाजनक ढंगबाट उत्तरदाताको रुपमा छनौट गरिएको छ ।

### ग) छात्रछात्रा

अन्तरवार्ता प्रश्नावली मार्फत छात्राहरुबाट सूचना संकलन गर्न कक्षा ९ मा अध्ययनरत जम्मा ८४० छात्रछात्रामध्ये प्रतिविद्यालय ३ जना छात्र र ३ जना छात्रा समेटिने गरी जम्मा ४५(५.३५%) जनालाई अंश नमूनाको आधारमा छनौट गरिएको थियो ।

### घ) कक्षा (घण्टी)

उत्तरदाताहरुबाट प्राप्त उत्तरलाई पुष्टि गर्न कक्षा अवलोकनका लागि प्रत्येक विद्यालयवाट कक्षा नौका १/१ कक्षा पर्ने गरी जम्मा ८(१२.५%) वटा कक्षालाई  सुविधाजनक आधारमा छनौट गरिएको छ ।

## ३.३ तथ्यांक संकलनका साधनहरु

अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन र उद्देश्य पूर्ति गर्न निम्न साधनहरुको निर्माण र प्रयोग गरिएको छ :-

### क) छात्रछात्राको लागि अन्तरवार्ता प्रश्नावली

कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा लैङ्गिक व्यवस्थापनका बारेमा छात्राहरुबाट प्रतिक्रिया संकलन गर्न प्रश्नावली निर्माण गरी छनौटमा परेका विद्यालयका कक्षा ९ का छात्राहरुलाई प्रश्नावली दिइएको थियो । उक्त प्रश्नावलीमा शिक्षण सिकाइ क्रियाकलापमा छात्र-छात्राहरुलाई प्रश्न सोध्न र सुझाव दिनमा प्राथमिकता, हौसला तथा प्रेरणा प्रदानमा प्राथमिकता, हिंसात्मक शब्दावलीको प्रयोग, सिकाइ अवसरमा सहभागिता, शिक्षण विधिको प्रयोग, शैक्षिकको सामग्री निर्माण र प्रयोग, प्रयोग गरिएका शब्द, वाक्य,उदाहरण एवं चित्रहरु , पुरुष शिक्षक र महिला शिक्षकसँग विद्यार्थीका व्यवहार जस्ता पक्षमा लैङ्गिक समानता छ छैन भन्ने बारेमा सूचना दिने किसिमका प्रश्नहरु समेटिएको थियो (परिशिष्ट - २ ) ।

## ख) प्र.अ. र शिक्षकको लागि अन्तर्वार्ता प्रश्नावली

नमूना छनौटमा आधारित रहेर अन्तरवार्ता मार्फत कक्षाकोठामा लैङ्गिक व्यवस्थापनलाई प्रभाव पार्ने शिक्षण सिकाइ क्रियाकलापहरुका बारेमा शिक्षकका दृष्टिकोण संकलन गर्न अन्तर्वार्ता प्रश्नावली तयार पारेर शिक्षकबाट जवाफ लिइएको छ (परिशिष्ट-३) । शिक्षण सिकाइ क्रियाकलापमा हुने लैङ्गिक व्यवस्थापनका बारेमा थप सूचना प्राप्त गर्न छनौट भएका विद्यालयहरुका प्रधानाध्यापकबाट पनि अन्तर्वार्ता लिइएको छ (परिशिष्ट -४ ) ।

## ग) कक्षा अवलोकन फाराम

लैङ्गिक व्यवस्थापनका सम्वन्धमा नमूना छनौटमा परेका आठओटै विद्यालयका १/१ कक्षा पर्नेगरी कक्षा नौमा शिक्षण सिकाइ कृयाकलापको अवलोकन गरी कक्षा अवलोकन फाराम भरिएको छ । कक्षा अवलोकन फाराममा कक्षाकोठाको फर्निचर व्यवस्थापन,वसाई व्यवस्थापन, शिक्षण विधिको प्रयोग,शैक्षिक सामग्रीको निर्माण र प्रयोग, उत्प्रेरणाको प्रयोग ,शिक्षणको भाषा, शिक्षकको व्यवहार, पुरुष शिक्षक र महिला शिक्षकसँग विद्यार्थीको व्यवहार, मूल्याङ्कन पद्धति जस्ता पक्षमा लैङ्गिक समानता छ छैन भन्ने वारेमा सूचना दिने पक्ष समावेश गरिएको छ (परिशिष्ट -५)।

## ३.४ तथ्यांकको स्रोत

अध्ययन अनुसन्धानको लागि अधिकांश प्राथमिक स्रोतबाट तथ्यांक संकलन गरिएता पनि द्वितीय स्रोतलाई पनि उपयोग गरिएको छ । प्राथमिक तथ्यांकको स्रोतको रुपमा विद्यालयका प्रधानाध्यापक,शिक्षक, विद्यार्थी रहेका छन् भने द्वितीय तथ्यांकको लागि पुस्तकालयका पुस्तकहरु , अनुसन्धानात्मक प्रतिवेदन , पत्रपत्रिका, लेख, रचना आदिको उपयोग गरिएको छ ।

## ३.५ तथ्यांक संकलन प्रक्रिया

यस अध्ययनको लागि शोधकर्ता स्वयं निर्माण गरिएका तथ्यांक संकलनका साधनहरु लिएर नमूना छनौट गरिएका विद्यालयमा गई तथ्यांक संकलन गरिएको छ । तथ्यांक संकलनको

क्रममा नमूना विद्यालयमा गएर सर्वप्रथम प्रधानाध्यापक , शिक्षक एवं विद्यार्थीहरुलाई आफ्नो उद्देश्यका बारेमा जानकारी गराइ सहयोग पुर्‍याउन अनुरोध गरिएको थियो । छनौटमा परेका छात्रछात्राहरुवाट अन्तरवार्ता प्रश्नावली प्रयोग गरी तथ्यांक संकलन गरिएको थियो । त्यस्तै शिक्षकहरुबाट पनि अन्तरवार्ता प्रश्नावली प्रयोग गरी सूचनाहरु लिएर छात्राहरुको जवाफसँग तुलना संकलन गरिएको थियो । यसै गरी छनौटमा परेका कक्षाहरु अवलोकन गरेर शिक्षण सिकाइ व्यवहारको सूचनाहरु संकलन गरिएको थियो । अध्ययनलाई आवश्यक थप सूचना प्राप्त गर्न प्रधानाध्यापकवाट समेत अन्तर्वार्ता प्रश्नावली प्रयोग गरी तथ्यांक संकलन गरिएको थियो ।

## ३.६ तथ्यांकको व्याख्या र विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानको सफलता संकलित कोरा तथ्यांकहरुको उद्देश्यमूलक प्रस्तुतिकरण, तालिकीकरण, तिनको व्याख्या विश्लेषणमा भर पर्छ । यस अध्ययनका लागि तयार पारिएको तथ्यांक संकलनका साधनहरुवाट संकलन गरिएका तथ्यांक तथा प्रतिक्रियाहरुलाई उद्देश्यको क्रमानुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरुमा विभाजन गरी तथ्यांकको तालिकीकरण गरी वर्णनात्मक रुपमा तथ्यांकको व्याख्या तथा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

# परिच्छेद : चार

## तथ्यांकको व्याख्या तथा विश्लेषण

यस अध्ययनका निर्दिष्ट उद्देश्य प्राप्तिका लागि निर्माण गरिएका तथ्यांक संकलनका साधनहरुअन्तर्वार्ता प्रश्नावली तथा कक्षा अवलोकन फारम प्रयोग गरी नमूना छनोट गरिएका विद्यालयका छात्राछात्रा , प्रधानाध्यापक , शिक्षक तथा कक्षा अवलोकनवाट प्राप्त तथ्यांक तथा प्रतिकृयालाई उद्देश्यको कममा निम्नानुसारका शीर्षकमा विभाजन गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

**४.१ कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनको स्थिति**

**४.२ कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनमा देखा परेका समस्या**

**४.३ कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका समस्या समाधानका उपाय**

## ४.१ कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनको स्थिति

कक्षा शिक्षणमा शिक्षकको व्यवहार छात्रछात्रामा लैङ्गिक रुपमा समान छन् कि छैनन् भनी पहिचान गर्न विभिन्न पक्षमा आधारित रहेर अध्ययन गरिएको थियो । यस उद्देश्य पुरा गर्न प्र.अ. शिक्षक र विद्यार्थीको लागि प्रयोग गरिएको अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त प्रतिक्रियालाई कक्षा अवलोकनबाट पुष्टि गर्न निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.१ कक्षाकोठाको व्यवस्थापन

विद्यार्थी बसेको ठाउँ खुल्ला, सफा, उज्यालो र हावा आवतजाबत गर्ने एवं सुविधायुक्त फर्निचरको व्यवस्था आजको आवश्यकता हो । सिक्ने र सिकाउने वातावरणयुक्त फर्निचरको व्यवस्था र बसाइ व्यवस्था भएमा सिकारु मनोवैज्ञानिक रुपमै तयार भई चाडो सिक्न सक्छन् । विद्यार्थीमा अन्तरनिहित क्षमतालाई उजागर गर्न उनीहरु खुसीसाथ रम्न कक्षाकोठा आकर्षक तथा बसाइ व्यवस्था सजिलो र रमाइलो हुनुपर्ने भएकोले कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापन अध्ययनको सन्दर्भमा कक्षाकोठाको फर्निचर व्यवस्थापन र बसाइ व्यवस्थापनको अवस्थालाई छुट्टाछुट्टै उल्लेख गरिएको छ ।

## क) फर्निचर व्यवस्थापन

नमूना छनौटमा परेका आठओटै विद्यालयका एक/एक कक्षा शिक्षण अवलोकन गर्दा प्राप्त फर्निचर व्यवस्था विवरणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

**तालिका २ : कक्षाकोठाको फर्निचर व्यवस्थापन**

| क.सं. | फर्निचर | | फर्निचर रहेको कक्षाकोठा संख्या |
|---|---|---|---|
| १ | चलाउन सकिने डेक्सबेन्च | प्रतिवेन्च डेक्स ४ जना रहेको | ६(७५) |
| | | प्रतिवेन्च डेक्स ५ जना रहेको | २(२५) |
| २ | टेबल | | ६(७५) |
| ३ | कालोपाटी/सेतोपाटी | | ८(१००) |
| ४ | कुर्ची | | ४(५०) |
| ५ | डस्टवीन | | ८(१००) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका २ मा छात्राछात्र बस्नको लागि वेन्चडेक्स , शिक्षकले शैक्षिक सामग्री प्रदर्शन गरी देखाउन कक्षाको अगाडिको भागमा टेबल, शिक्षक बस्नका लागि कुर्ची, बोर्ड र डस्टवीनको व्यवस्था भए नभएको उल्लेख गरिएको छ । अध्ययन गरिएका आठओटै कक्षामा चलाउन सकिने खालका तर आड लिन नमिल्ने बेन्च र डेक्स राखिएको कुरा अवलोकनवाट प्राप्त भयो । प्रतिवेन्चडेक्स ४ जना विद्यार्थीहरु बसेका कक्षाकोठा ७५% र प्रतिवेन्च डेक्स ५ जना विद्यार्थी रहेका कक्षाकोठा २५% पाइयो । त्यस्तै कक्षाकोठाको अगाडिको भागमा शैक्षिक सामग्रीको प्रदर्शन तथा प्रयोगको लागि ७५% कक्षाकोठामा टेबल रहेको पाइयो । आवश्यक परेको बेलामा शिक्षक बस्नको लागि ५०% कक्षामा कुर्चीको व्यवस्था गरिएको थियो । १००% कक्षामा पाटी रहेको र कक्षाकोठाको फोहोर जम्मा गर्नको लागि १००% कक्षाकोठामा डस्टवीनको व्यवस्था भएको पाइयो । अध्ययन गरिएका २५% कक्षाकोठामा विद्यार्थी अटाउन नसक्ने. गरी प्रतिवेन्च ५ जना छात्रा राखिएकोले शिक्षण सिकाइ क्रियाकलापमा छात्रालाई अप्ठेरो भएको देखियो ।

## ख) बसाइ व्यवस्थापन

शोध अध्ययनको लागि नमूना छनौटमा परेका आठओटा कक्षामा भएको छात्राछात्रको बसाइ व्यवस्थाको सम्वन्धमा प्रतिक्रिया लिंदा ५(६२.५%) कोठामा लहरे बसाइ व्यवस्थापन गरी प्रतिदिन रोटेशन गरिनेमा ६०% छात्रछात्रा सहमत भए भने ३(३७.५%) कोठामा प्रतिदिन रोटेशन नगरिने कुरामा ४० प्रतिशत छात्रछात्रा सहमत भए । विद्यार्थीको बसाइ व्यवस्थापन गर्दा २५% रोल नं. को आधारमा, ५०% लाई लिङ्गको आधारमा र २५% लाई इच्छा अनुसार लहरमा राख्ने गरेको कुरामा सबै उत्तरदाताहरुको प्रतिक्रिया पाइयो । बसाइ व्यवस्थापन V आकार, U आधार या अर्धवृत्ताकार नभई परम्परागत हुनाले छात्राहरुलाई सिकाइ क्रियाकलापमा सहभागी हुन तथा भित्र बाहिर गर्न कठिन परेको कुरामा ८०% प्र.अ., ७५% शिक्षक तथा ६०% विद्यार्थीहरु सहमत भए ।

## ४.१.२ शिक्षण सिकाइ व्यवस्थापन

कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका सन्दर्भमा शिक्षण सिकाइ व्यवस्थापन एक अति संवेदनशील एवम् महत्वपूर्ण विषयवस्तु हो । कक्षामा विद्यार्थीलाई कार्यप्रति जति क्रियाशील र अनुशासित बनाउन सक्यो त्यति नै शिक्षण सिकाइ व्यवस्थापन राम्रो भएको मानिन्छ । शिक्षण सिकाइ व्यवस्थापनको स्थिति पहिचान गर्न शिक्षक र छात्रछात्राका लागि प्रयोग गरिएको अन्तवार्ता प्रश्नावलीवाट प्राप्त प्रतिकृया र अवलोकनबाट संकलन गरिएका तथ्यांकलाई परिशिष्ट ६ मा प्रस्तुत गरी निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

## क) शिक्षण विधिको प्रयोग

शिक्षण विधिको सम्वन्धमा प्रतिक्रिया लिंदा शिक्षक केन्द्रित विधिको प्रयोग हुन्छ जसबाट छात्र निश्क्रिय हुन्छन् भन्नेमा ३१.११% विद्यार्थी, छात्रा निश्क्रिय हुन्छन् भन्नेमा ३५.५५% विद्यार्थी र छात्रछात्रा बरावर निश्क्रिय हुन्छन् भन्नेमा २९.१७% विद्यार्थी सहमत भए । यसै सन्दर्भमा ३१.२५% शिक्षकले छात्र, ३७.५% शिक्षकले छात्रा, २५% शिक्षकले छात्रछात्रा बराबर निश्क्रिय रहने बताए भने ६.२५% शिक्षकले छात्राछात्र कुनै पनि निश्क्रिय नरहने कुरा व्यक्त गरे । कक्षा अवलोकन गर्दा सतप्रतिशत कक्षामा शिक्षक केन्द्रित विधिको प्रयोग गरिएको थियो । अवलोकनकै क्रममा ३७.५% कक्षामा छात्र, १२.५% कक्षामा छात्रछात्रा बराबर

निश्क्रिय भएको पाइयो भने ५०% कक्षामा छात्रा मात्र निश्क्रिय रहेकाले शिक्षण विधिको प्रयोगमा लैङ्गिक समानता नभएको पुष्टि हुन्छ । शिक्षक केन्द्रित विधिको प्रयोगमा विद्यार्थी निश्क्रिय रहने समस्या हुन्छ । उदार नारीवादले व्यक्तिको स्वतन्त्रतालाई जोड दिन्छ । विद्यार्थी केन्द्रित विधिको प्रयोगले उनीहरु सिकाइ कृयाकलापप्रति स्वतन्त्र हुने तथा स्वस्फूर्त रुपमा लागिपर्ने भएकोले उदार नारीवादको सिद्धान्तलाई लागु गर्न सकेमा समस्या समाधान हुने देखिन्छ ।

## (ख) शैक्षिक सामग्रीको प्रयोग

शिक्षण सिकाइमा प्रयोगमा आउने शैक्षिक सामग्रीले लैङ्गिक समानतालाई समेट्न सकेका छन् छैनन् ? भन्ने कुराको पहिचान गर्न शैक्षिक सामग्री निर्माण र प्रयोगमा प्राथमिकता कसलाई दिइन्छ भन्ने प्रश्न छात्रछात्राहरुलाई सोधिएकोमा २६.६६% विद्यार्थीले छात्रालाई प्राथमिकता दिइन्छ भन्ने उत्तर दिए । ४०% विद्यार्थीले छात्रलाई प्राथमिकता दिइन्छ भन्ने जवाफ दिए भने ३३.३३% विद्यार्थीले दुवैलाई समान अवसर दिइन्छ भनि आफ्नो प्रतिकृया दिए जसअनुसार छात्रलाई प्राथमिकता दिइन्छ भन्ने उत्तर प्रतिशत बढी भएकोले शैक्षिक सामाग्री निर्माण र प्रयोगमा लैङ्गिक समानता नरहेको कुराको पुष्टि हुन्छ । यसै सन्दर्भमा १६ जना (सतप्रतिशत) शिक्षकहरुले समान अवसर दिइने कुरा वताए । कक्षा अवलोकनमा १२.५% कक्षामा छात्रछात्रालाई वरावर ३७.५% कक्षमा छात्रालाई प्राथमिकता दिएको पाईयो यसरी ५०% कक्षामा छात्रलाई प्राथमिकता दिईएको हुनाले पनि शैक्षिक सामाग्रीको निर्माण र प्रयोगमा लैङ्गिक समानता नभएको पुष्टि हुन्छ ।

## ग) उत्प्रेरणाको प्रयोग

शिक्षण सिकाइमा छात्रछात्रालाई समान रुपमा हौसला प्रदान गरिन्छ अथवा गरिन्न ? हौसला, प्रोत्साहन दिनमा लैङ्गिक भेदभाव छ छैन पहिचान गर्न छात्रछात्रालाई सोधिएकोमा अन्तर्वार्ता प्रश्नावलीमा २६.६६% ले मात्र छात्रालाई हौसला प्रदान गरिन्छ भन्ने प्रतिकृया दिएका छन ४४.४४%विद्यार्थीले छात्रलाई हौसला दिइन्छ भन्ने प्रतिकृया व्यक्त गरे भने २८.८८% विद्यार्थीले वरावर अवसर दिइन्छ भन्ने प्रतिकृया दिए । यस्तै सतप्रतिशत शिक्षकको जवाफ अनुसार कक्षामा हौसला प्रदान वरावर मात्रामा हुने वताए । शिक्षण सिकाइका क्रममा छात्रछात्रालाई हौसला समान रुपमा दिन खोजिएको भनिएता पनि कक्षा

अवलोकनका क्रममा ५०% कक्षामा छात्रलाई प्रोत्साहन गरेको पाइयो । त्यस्तै २५% कक्षमा छात्रालाई र २५% कक्षामा समान अवसर गरेवाट पुष्टि हुन्छ कि उत्प्रेरणाको प्रयोगमा लैङ्गिक विभेद कायम नै छ ।

### (घ) शिक्षणको भाषा

शिक्षण सिकाइ क्रियाकलापमा हिंसात्मक भाषा बोलिन्छ ? हिंसात्मक भाषा बोलिन्छ भने, भाषामा लैङ्गिक भेदभाव छ छैन ? छ भने छात्र एवं छात्राहरुलाई बोलिने हिंसात्मक शब्दावली के कस्तो छ ? यसको पहिचान गर्ने उद्देश्यले छात्रछात्राहरुलाई अन्तर्वार्ता प्रश्नावली सोधिएकोमा ४८.८८% विद्यार्थीले हिंसात्मक र विभेदकारी भाषा छात्रालाई लक्षित गरेर वोल्ने वताए  भने २६.६६%  छात्रलाई लक्षित गर्ने प्रतिकृया दिए  । त्यस्तै २४.४४% विद्यार्थीहरुले कक्षामा शिक्षकको भाषा विभेदकारी तथा हिंसात्मक नहुने कुरा वताए । यसैगरी  ८७.५% शिक्षकले शिक्षणको भाषा विभेदकारी र हिंसात्मक छैन भनि जवाफ दिए भने १२.५% शिक्षकले विभेदकारी भएको भनि प्रतिकृया दिए । यसै सन्दर्भमा कक्षा अवलोकन गर्दा २५% कक्षामा वरावर र २५% कक्षामा छात्रप्रति हिंसात्मक र विभेदकारी भाषा प्रयोग गरेको पाइयो । यस्तै ५०% शिक्षणको भाषा छात्राप्रति विभेदकारी पाइएकोले यसवाट पुष्टि हुन्छ कि कक्षा शिक्षणमा प्रयोग गरिने भाषा विभेद छ ।

### (ङ) शिक्षक व्यवहार

कक्षा शिक्षणमा शिक्षकका व्यवहार छात्रछात्रामा लैङ्गिक रुपमा पक्षपात र पूर्वाग्रह छ छैन पहिचान गर्ने उद्देश्यले छात्रछात्राहरुलाई सोधिएको अन्तर्वार्ता प्रश्नावली बमोजिम छात्रालाई पक्षपात र पूर्वाग्रह गरिन्छ भन्ने जवाफ ५३.३३% थियो । छात्रालाई पक्षपात गरिन्छ भन्ने प्रतिकृया प्रतिशत वढी भएकोले यो भन्न सकिन्छ कि शिक्षण सिकाइमा शिक्षकका व्यवहारहरु छात्राहरु प्रति पक्षपात र पूर्वाग्रही छन् । त्यस्तै ३५.५५% विद्यार्थीले छात्रालाई पक्षपातपूर्ण व्यवहार गरिने वताए । पूर्वाग्रह गरिदैन भन्ने विद्यार्थीको प्रतिशत ११.११% रह्यो। अन्तर्वार्तामा सतप्रतिशत शिक्षकको भनाईअनुसार अपेक्षित रुपमै छात्रछात्रामा लैङ्गिक रुपमा पक्षपात र पूर्वाग्रह छैन तर प्राकृतिक गुण, सामाजिक कारण, छात्राहरुको कमजोर शैक्षिक स्थिति आदिका कारण कही पक्षपात जस्तो हुनसक्छ भन्ने थियो ।

कक्षा अवलोकन गर्दा ५०% कक्षामा छात्रालाई र २५% कक्षामा छात्रलाई पक्षपात गरिएको पाइयो भने २५% कक्षमा समान व्यवहार गरिएको थियो । कक्षा अवलोकनवाट प्राप्त सूचना बमोजिम छात्रहरुले गृहकार्य, कक्षाकार्य नलेखेकोमा बढी चासो दिइन्थ्यो र सुझाव दिनमा प्राथमिकता दिइन्थ्यो । कुनै छात्राछात्रले गृहकार्य नगरेको तर के कारणले गृहकार्य नगरेको हो भनि प्रश्न गरिएन ताकि कतिपय छात्राहरु अरुको घरमा काम गर्ने र कतिपय आफ्नै घरधन्दामा व्यस्त हुनुपर्ने हुनाले सांझविहान गृहकार्यलाई समय दिन नसक्ने खालका थिए तर उनका समस्या बुझ्ने प्रयास गरिएन बरु छात्राहरुलाई बढी दोष दिएको , रिसाएको , होच्याएर बोलेको पाइयो । शिक्षण सिकाइ क्रियाकलापमा छात्राहरुप्रति छात्रको तुलनामा शिक्षक पक्षपाती र पूर्वाग्रही छन् ।

## च) विद्यार्थी व्यवहार

विद्यार्थी व्यवहारका सम्वन्धमा तथ्यांक संकलन गर्दा छात्रा र छात्र आफ्नो जिज्ञासा मेटाउने क्रममा पुरुष शिक्षकसँग डराउँछन् वा धक मान्छन् तर महिला शिक्षकसँग नडराइ निर्धक्क भइ प्रश्न गर्छन भन्ने विद्यार्थीको प्रतिकिया क्रमशः २८.७७% र ३५.५५% थियो साथै ती उत्तरदाताहरुले कक्षा शिक्षणका समयमा छात्राहरु छात्रको तुलनामा बढी अनुशासित रहेको बताए । अन्तर्वार्तामा प्रश्नावलीमा ७५% शिक्षकले छात्राहरु महिला शिक्षकका कक्षामा सिकाइ क्रियाकलापमा बढी सक्रिय हुने तर पुरुष शिक्षकका कक्षामा तुलनात्मक रुपमा कम सक्रिय हुने वताए भने ६.२५% शिक्षकले छात्रा वढी सक्रिय हुने तथा १८.७५% शिक्षकले छात्राछत्राको व्यवहार समान रहेको बताए ।

कक्षा अवलोकन गर्दा ५०% कक्षामा छात्राहरु, १२.५% कक्षामा छात्रहरु र ३७.५% कक्षामा छात्रछात्रा वरावर महिला शिक्षकले शिक्षण गर्दा सिकाइ क्रियाकलापमा सक्रिय भएको पाइयो जुन लैङ्गिक दृष्टिकोणले असमान व्यवहार हो । समाजले छोरी प्रति लगाएको वन्धनले गर्दा कक्षामा पनि उनीहरु पुरुष शिक्षकसंग निर्धक्क कुराकानी गर्न सक्दैनन् । व्यवहारमा उदार नारीवादको सिद्धान्तले छात्रालाई स्वतन्त्रता दिने भएकोले यस सिद्धान्तलाई कक्षा शिक्षणमा लागु गरेमा छात्राहरु सिकाइ क्रियाकलापमा सक्रिय हुने देखिन्छ ।

## (छ) मूल्याङ्कन पद्धति

कक्षा शिक्षणमा मूल्याङ्कन पद्धति उचित छ छैन ? मूल्याङ्कन गर्दा शिक्षकले कसलाई बढी प्रश्न सोध्छन् र कसलाई पहिला प्रश्न सोध्छन् कसलाई प्रश्न सोध्नमा प्राथमिकता दिन्छन् भन्ने अन्तर्वार्ता मार्फत छात्रछात्रालाई प्रश्न सोधिएकोमा २८.८८% उत्तरदाताले मात्र छात्रालाई प्रश्न सोध्नमा प्राथमिकता दिईन्छ भन्ने प्रतिक्रिया दिए भने ३५.५५% ले छात्रलाई प्राथमिकता दिइन्छ भन्ने उत्तर दिए भने ३५.५५% विद्यार्थीले समान व्यवहार गर्ने प्रतिकृया दिए । छात्राहरुको उक्तं प्रतिक्रियाको प्रतिशतलाई आधार मान्दा कक्षामा प्रश्न सोध्नमा लैङ्गिक समानता छैन । छात्रालाई भन्दा छात्रलाई प्रश्न बढी र पहिले सोध्न प्राथमिकता दिएको पाइएको छ । शतप्रतिशत शिक्षकको भनाइअनुसार प्रश्न सोध्नमा छात्रछात्रालाई समान प्राथमिकता दिन खोजिने तर छात्र संख्या धेरै हुने , छात्रहरु अगाडि बस्ने सोधेको प्रश्नको जवाफ लाज , डर नमानी दिने, सिक्नमा बढी उत्सुक हुने हुनाले स्वभाविक रुपमा छात्रहरु केही प्राथमिकतामा पर्न सक्छन् भन्ने थियो ।

कक्षा अवलोकन गर्दा २५% कक्षामा छात्रालाई र ५०% कक्षामा छात्रलाई प्रश्न सोध्न शिक्षकले प्राथमिकता दिइएको पाइयो । कक्षा अवलोकनकै क्रममा २५% कक्षामा छात्रछात्रा दवैलाई समान अवसर दिएको पाइएता पनि ७५% कक्षामा छात्रछात्राको मूल्याङ्कन गर्ने पद्धति उचित देखिएन । शिक्षकले मूल्याङ्कन गर्दा पहिले समूहमा प्रश्न सोध्ने ,केही समय रोकिने, पुनः विद्याथीलाई सोध्ने,उत्तर सुन्ने र मूल्याङ्कन गर्ने नगरी प्रश्नको जवाफ तुरुन्तै खोज्दा कक्षामा छात्राहरु वढी हतोत्साही भएको पाइयो फलस्वरुप प्रश्न सोधाईको मात्रा छात्रहरु तर्फ वढी हुन गएको थियो । शिक्षकले प्रायः छात्रहरुलाई पहिला र धेरै पटक प्रश्न सोधेको, गृहकार्य पूरा नगरेर आएका छात्रासँग झर्केर बोलेको , कक्षाकार्य ध्यानपूर्वक नहेरेको र उनीहरुलाई आवश्यक सुझाव पनि नदिएको भेटियो । तसर्थ कक्षा शिक्षणमा लैङ्गिक असमानता छ भन्न सकिन्छ ।

यसबाट यो निचोड निकाल्न सकिन्छ कि कक्षा शिक्षणमा लैङ्गिक रुपमा उचित व्यवस्थापन छैन । छात्राहरुप्रति लैङ्गिक रुपमा पक्षपात र पूर्वाग्रही छ । हौसला एवं प्राथमिकतामा लैङ्गिक भेदभाव छ । छात्राहरु प्रति बढी हिंसात्मक भाषा बोलिन्छ र आक्रमक भइन्छ । छात्राहरुको मानसिक, शारीरिक, मनोवैज्ञानिक तथा संवेगात्मक पक्षको वास्ता गरिदैन । शिक्षण विधि,

शैक्षिक सामग्री, पाठ्यपुस्तकमा भएको विषयवस्तुको प्रस्तुति, शब्दावली, चित्र तथा उदाहरणहरु आदिले लैङ्गिक समानतालाई समेट्न सकेका छैनन । छात्राहरुको तुलनामा छात्रहरुका क्रियाकलापहरु पनि लैङ्गिक रुपमा बढी भेदभावपूर्ण छन् ।

उल्लेखित लैङ्गिक व्यवस्थापनको स्थितिलाई नारीवादसँग दाँजेर हेर्दा यिनीहरु एक अर्कासँग मिल्दोजुल्दो देखिन्छन् । नारीवाद अनुसार पनि महिलाहरु आफ्नो हक, अधिकार र अवसरबाट वञ्चित भएको बताइएको छ भने उनीहरुलाई सामाजिक रुपमै कमजोर बनाइएको छ । उनीहरु पितृसत्ताको कालो ओढारमा गुम्सिएर आफ्नो इच्छा र चाहनालाई गर्भमा तुहाउन वाध्य बनाइएको कुरालाई जोड दिइएको छ । महिलाहरुले पुरुषहरु सरह अधिकार पाउन र प्राकृतिक तथा सामाजिक लिङ्गभेदका आधारमा लगाइएका बन्देजहरुबाट मुक्ति दिलाउन नारीवादका सम्पूर्ण धारहरुले भरमग्दुर प्रयत्न गर्ने र विशेषगरी उदारवादी नारीवादले परिवर्तनको सशक्त माध्यम शिक्षालाई मान्ने भएकोले कक्षा शिक्षणमा नारीवादको सिद्धान्त अनुसार सिकाइमा छात्रछात्रालाई समान अवसर र समान अधिकार दिनुपर्ने, सिकाइमा निष्क्रिय रहने छात्राहरुलाई सक्रिय सहभागी गराउनुपर्ने, छात्राछात्रहरुबीचको वर्गीय चिन्तनलाई उन्मुलन गरेमा शिक्षण सिकाइ व्यवस्थापन लैङ्गिक हुने देखिन्छ ।

## ४.२ कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनमा देखापरेका समस्या

कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनमा देखापरेका समस्या पत्ता लगाउनका लागि प्र.अ., शिक्षक, विद्यार्थीका लागि अन्तर्वार्ता प्रश्नावली प्रयोग गरी संकलन गरिएका प्रतिक्रियालाई समस्याका रुपमा निम्नानुसार उल्लेख गरिएको छ :

### ४.२.१ सामाजिक समस्या

नमूना छनौटमा परेका प्र.अ., शिक्षक, विद्यार्थीसँग लिएको अन्तर्वार्ता प्रश्नावलीबाट लैङ्गिक व्यवस्थापनमा सामाजिक समस्या रहेका छन् जसलाई तालिका ३ मा देखाइएको छ ।

**तालिका ३ : लैङ्गिक व्यवस्थापनका सामाजिक समस्या**

| क.सं. | सामाजिक समस्या | प्र.अ. | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | लैङ्गिक विभेद | ८(१००) | १२(७५) | ३०(६६.६६) |
| २ | सामाजिक मूल्य, मान्यता र विश्वास | ८(१००) | ८(५०) | २४(५३.३३ |
| ३ | धार्मिक विभेद | ४(५०) | ४(२५) | १५(३३.३३) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका बमोजिम १०० प्रतिशत प्र.अ. र ७५ प्रतिशत शिक्षक तथा ६६.६६ प्रतिशत विद्यार्थीले समाजमा भएको लैङ्गिक विभेद नै कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनको समस्या हो भनि बताए । त्यस्तै सामाजिक मूल्य, मान्यता र विश्वासले समस्या ल्याएको हून्छ भन्नेमा १००% प्र.अ., ५०% शिक्षक र ५३.३३% विद्यार्थी सहमत भएका छन् भने ५०% प्र.अ., २५% शिक्षक र ३३.३३% विद्यार्थीले लैङ्गिक व्यवस्थापनको समस्याको सम्वन्धमा धार्मिका विभेदलाई जोड दिएका छन् ।

## ४.२.२ शारीरिक तथा मानसिक समस्या

प्र.अ., शिक्षक, विद्यार्थीले दिएको प्रतिक्रियामा लैङ्गिक व्यवस्थापनमा छात्राहरुको शारीरिक र मानसिक समस्यालाई पनि औंल्याएका छन् जसलाई तालिका ४ मा प्रस्तुत गरी निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ ।

**तालिका ४ : लैङ्गिक व्यवस्थापनका शारीरिक र मानसिक समस्या**

| क.सं. | शारीरिक र मानसिक समस्या | प्र.अ. | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | शारीरिक वनावट | ८(१००) | १६(१००) | २४(५३.३३) |
| २ | मानसिक क्षमता | ८(१००) | ८(५०) | २०(६६.६६) |
| ३ | मनोवैज्ञानिक कारण | ६(७५) | ८(५०) | २०(४४.४४) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका अनुसार १००% प्र.अ., १००% शिक्षक र ५३.३३% विद्यार्थीले छात्राहरुको शारीरिक वनावटले लैङ्गिक व्यवस्थापनमा समस्या ल्याएको हुन्छ भन्ने प्रतिक्रिया दिए । त्यस्तैगरी छात्राहरुको मानसिक क्षमताले असर पारेको हुन्छ भन्नेमा १००% प्र.अ., ५०% शिक्षक र ६६.६६% विद्यार्थी सहमत भएका छन् भने बढी चिन्तित, भावुक, लज्जालु हुने जस्ता मनोवैज्ञानिक कारणले लैङ्गिक व्यवस्थापनमा समस्या उब्जिएको हुन्छ भनी ७५% प्र.अ., ५०% शिक्षक र ४४.४४% विद्यार्थीले जोड दिए ।

## ४.२.३ नीतिगत समस्या

उत्तरदाताहरु (प्र.अ., शिक्षक, विद्यार्थी) को प्राप्त प्रतिक्रियामा लैङ्गिक व्यवस्थापनमा नीतिगत समस्यालाई पनि देखाएका छन् जसलाई तालिका ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : लैङ्गिक व्यवस्थापनका नीतिगत समस्या**

| क.सं. | नीतिगत समस्या | प्र.अ. | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | उपयुक्त नीति नियमको अभाव | ६(७५) | १२(७५) | १५(३३.३३) |
| २ | आचार संहिता | ८(१००) | ८(५०) | ५(११.११) |
| ३ | दण्ड र पुरस्कार | ४(५०) | १६(१००) | २०(४४.४४) |
| ४ | जिम्मेवारी र उत्तरदायित्व | ४(५०) | ४(२५) | २४(५३.३३) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका बमोजिम कक्षामा लैङ्गिक समानता कायम गर्न उपयुक्त नीतिनियमको अभावले समस्या ल्याएको हुन्छ भनि ७५% प्र.अ., ७५% शिक्षक र ३३.३३ % विद्यार्थीले जोड दिए भने १००% प्र.अ., ५०% शिक्षक र ११.११% विद्यार्थीले कक्षामा आचारसंहिता पालनाको कमी रहेका समस्यालाई जोड दिए । त्यस्तैगरी कक्षामा दण्ड र पुरस्कारको व्यवस्थाको कमीले लैङ्गिक व्यवस्थापनमा समस्या ल्याउँछ भन्नेमा ५०% प्र.अ., १००% शिक्षक र ४४.४४% विद्यार्थीको जोड थियो भने जिम्मेवारी र उत्तरदायित्वप्रति शिक्षकको वेवास्ता हुन्छ भन्नेमा ५०% शिक्षक, २५% शिक्षक र ५३.३३% विद्यार्थी सहमत भएका छन् ।

### ४.२.४ अन्य समस्याहरु

लैङ्गिक व्यवस्थापनमा सामाजिक, शारीरिक, मानसिक, नीतिगत समस्या रहनुका साथै अन्य समस्याका बारेमा प्र.अ., शिक्षक र विद्यार्थीको प्रतिक्रिया तालिका ६ मा देखाइएको छ ।

**तालिका ६ : लैङ्गिक व्यवस्थापनका अन्य समस्या**

| क्र.सं. | समस्याहरु | प्र.अ. | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | आर्थिक समस्या | ८(१००) | १६(१००) | ३०(६६.६६) |
| २ | शैक्षिक समस्या | ४(५०) | १२(७५) | १५(३३.३३) |
| ३ | अनुगमन तथा मूल्यांकन | ६(७५) | ४(२५) | २४(५३.३३) |
| ४ | प्राकृतिक समस्या | ५(६२.५) | ८(५०) | १०(२२.२२) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोत : स्थलगत सर्वेक्षण, २०६८)

माथिको तालिका ६ अध्ययन गर्दा १००% प्र.अ. १००% शिक्षक र ६६.६६% विद्यार्थीका अनुसार लैङ्गिक व्यवस्थापनमा आर्थिक अवस्थाले समस्या ल्याउनेमा जोड दिए भने ५०% प्र.अ., ७५% शिक्षक र ३३.३३% विद्यार्थीले समस्यामा शैक्षिक स्थिति जिम्मेवार रहेको बताए । त्यस्तैगरी प्रभावकारी रुपमा कक्षा अनुगमन र मूल्यांकन नहुनाले समस्या आएको हो भन्नेमा ७५% प्र.अ., २५% शिक्षक र ५३.३३% विद्यार्थी सहमत भए भने लैङ्गिक व्यवस्थापनको समस्या कृत्रिम रुपबाट नभै प्राकृतिक समस्या हो भनि ६२.५% प्र.अ. ५०% शिक्षक र २२.२२% विद्यार्थीले बताए ।

उल्लेखित अध्ययनबाट कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापन गर्दा जर्ज इल्टन मायोको मानवसम्वन्धको सिद्धान्तलाई लागु नगरेको देखिन्छ । लैङ्गिक व्यवस्थापनमा प्रभाव पार्ने प्रमुख कारक तत्व सामाजिक लिङ्गभेद हो । सामाजिक लिङ्गभेदलाई कम गर्नमा जर्ज इल्टन मायोको मानवसम्वन्धसँग सम्वन्धित व्यवस्थापनको सिद्धान्तले महत्वपूर्ण भूमिका खेल्दछ । जसमा सहभागिमूलक कार्य, मनोभावनामूलक कार्य, सामाजिक दक्षतामा वृद्धि, सुरक्षाको अवस्था, सृजना, क्षमताअनुसारको जिम्मेवारी बहन, प्रोत्साहनको व्यवस्था, नेतृत्व तथा दक्षतामा वृद्धि आदि जस्ता उपायहरु अपनाएको खण्डमा हरेक क्षेत्रको व्यवस्थापन र

गुणस्तरमा सकारात्मक प्रभाव पर्न सक्दछ । यी कुराहरुलाई कक्षा शिक्षणका सन्दर्भमा पनि लागु गर्न सकिएमा लैङ्गिक व्यवस्थापनमा पनि सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

## ४.३ कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका समस्या समाधानका उपाय

कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका समस्या समाधानका उपायहरु पहिचान गर्न छात्रछात्रा, प्र.अ. र शिक्षकका लागि प्रयोग गरिएको अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त भएको प्रतिक्रियालाई समस्या समाधानको उपायको रुपमा निम्नानुसार उल्लेख गरिएको छ :

### ४.३.१ सामाजिक समस्या साधानका उपायहरु

कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका समस्या समाधानका लागि सामाजिक समस्याहरु समाधान गर्नुपर्छ भन्ने प्र.अ., शिक्षक र विद्यार्थीको भनाईलाई तालिका ७ मा उल्लेख गरिएको छ ।

**तालिका ७ : सामाजिक समस्या समाधानका उपाय**

| क.सं. | समाधान | प्र.अ. | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | लैङ्गिक विभेद कम गर्ने | ८(१००) | १४(८७.५) | ३५(७७.७७) |
| २ | जनचेतना फैलाउने | ८(१००) | १२(७५) | ३६(८०) |
| ३ | धार्मिमक विभेद कम गर्ने | ५(६२.५) | ६(३७.५) | १८(४०) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोत : स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका अनुसार सामाजिक समस्या समाधान गर्नका लागि १००% प्र.अ., ८७.५% शिक्षक र ७७.७७% विद्यार्थीले समाजमा लैङ्गिक विभेद कम गर्नुपर्नेमा जोड दिएका छन् । त्यसैगरी १००% प्र.अ., ७५% शिक्षक र ८०% विद्यार्थीले अभिभावकमा लैङ्गिक समानता सम्वन्धी जनचेतना फैलाउनु पर्ने बताए भने समाजमा धार्मिक विभेद कम गरेमा सामाजिक समस्या समाधान गर्न सकिन्छ भन्नेमा ६२.५% प्र.अ., ७५% शिक्षक र ४०% विद्यार्थीको जोड रहेको पाइयो ।

## ४.३.२ शारीरिक तथा मानसिक समस्या समाधानका उपायहरु

प्र.अ., शिक्षक र विद्यार्थीका प्रतिक्रिया अनुसार कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनमा देखापरेका समस्या समाधान गर्न छात्राछात्रको शारीरिक तथा मानसिक समस्यालाई बुझ्रेर व्यवहार गर्नुपर्दछ भन्ने थियो जसलाई तालिका ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८ : शारीरिक तथा मानसिक समस्या समाधानका उपाय**

| क्र.सं. | समाधान | प्र.अ. | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | शारीरिक वनावटलाई ध्यान दिएर शिक्षण गर्ने | ८(१००) | १६(१००) | २६(५३.३३) |
| २ | मानसिक क्षमतामा ख्याल राख्ने | ७(८७.५) | ८(५०) | ३२(७१.११) |
| ३ | मनोविज्ञान बुझ्रेर शिक्षण गर्ने | ८(१००) | ८(५०) | २२(४८.८८) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिकालाई आधार मान्दा छात्राको शारीरिक वनावटलाई ध्यान दिएर शिक्षण गर्नुपर्छ भन्नेमा १००% प्र.अ., १००% शिक्षक र ५३.३३% विद्यार्थीको सहमति पाइयो । यसैगरी शिक्षण कार्य मानसिक क्षमता अनुसार भएमा लैङ्गिक व्यवस्थापनका समस्या समाधान हुन्छ भन्ने ८७.५% प्र.अ., ५०% शिक्षक र ७१.११% विद्यार्थीले सुझाव दिए भने १००% प्र.अ., ५०% शिक्षक र ४८.८८% विद्यार्थीका अनुसार छात्राछात्रको मनोविज्ञान बुझ्रेर शिक्षण कार्य गरेमा लैङ्गिक व्यवस्थापनको समस्या सुल्झाउन सकिने सुझाब पाइयो ।

## ४.३.३ नीतिगत समस्या समाधानका उपायहरु

नीतिगत समस्या समाधान गरी कक्षा व्यवस्थापन लैङ्गिक बनाउन सकिन्छ भन्ने सम्वन्धमा प्र.अ. , शिक्षक र विद्यार्थीको प्रतिक्रियालाई तालिका ९ मा निम्नानुसार उल्लेख गरिएको छ।

**तालिका ९ : नीतिगत समस्या समाधानका उपाय**

| क.सं. | समाधान | प्र.अ. | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | उपयुक्त नीतिनियम बनाउने | ५(६२.५) | १२(७५) | २४(५३.३३) |
| २ | आचारसंहिता लागु गर्ने | ७(८७.५) | ६(३७.५) | ८(१७.७७) |
| ३ | दण्ड र पुरस्कारको व्यवस्था गर्ने | ६(७५) | १२(७५) | १५(३३.३३) |
| ४ | जिम्मेवारी र उत्तरदायित्वको बोध गर्ने | ४(५०) | ४(२५) | २८(६२.२२) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका बमोजिम नीतिगत समस्या समाधानका लागि विद्यालयमा लैङ्गिक समता सम्वन्धी नीतिनियम बनाइ कार्यान्वयनमा ल्याउनुपर्छ भन्ने ६२.५% प्र.अ., ७५% शिक्षक र ५३.३३% विद्यार्थीको सुझाव रह्यो भने कक्षामा आचारसंहिता कडाइका साथ लागु गराउनुपर्नेमा ८७.५% प्र.अ., ३७.५% शिक्षक र १७.७७% विद्यार्थीको जोड रह्यो । यसैगरी लैङ्गिक समानतामा टेवा पुऱ्याउने काम गर्ने व्यक्तिलाई पुरस्कृत गर्नुपर्ने र यसको विपरित कार्य गर्नेलाई सजाय दिनुपर्छ भन्नेमा ७५% प्र.अ., ७५% शिक्षक र ३३.३३% विद्यार्थी सहमत भए भने कक्षामा लैङ्गिक व्यवस्थापन समस्या समाधानको लागि शिक्षक स्वयं नै जिम्मेवार हुनुपर्छ भन्ने ७५% प्र.अ., ५०% शिक्षक र ६२.२२% विद्यार्थीको सुझाव पाइयो ।

## ४.३.४ अन्य समस्या समाधानका उपायहरु

प्र.अ., शिक्षक र विद्यार्थीका लागि प्रयोग गरिएको अन्तर्वार्ता प्रश्नावलीबाट प्राप्त प्रतिक्रिया अनुसार अन्य समस्या समाधानले पनि लैङ्गिक व्यवस्थापनको समस्या समाधानमा टेवा पुग्छ भन्ने भनाइलाई तालिका १० मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका १० : अन्य समस्या समाधानका उपाय**

| क.सं. | समाधान | प्र.अ. | शिक्षक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | आर्थिक अवस्था सबल बनाउने | ८(१००) | १६(१००) | ३२(७१.११) |
| २ | पाठ्यपुस्तकमा सुधार ल्याउने | ६(७५) | १४(८७.५) | १८(४०) |
| ३ | प्राकृतिक समस्या बुझेर शिक्षण गर्ने | ५(६२.५) | ८(५०) | १२(२६.६६) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोत : स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका अध्ययन गर्दा कक्षा व्यवस्थापनलाई लैङ्गिक बनाउनको लागि विद्यालयको आर्थिक अवस्था सबल बनाउनुपर्छ भन्नेमा १००% प्र.अ., १००% शिक्षक र ७१.११% विद्यार्थीको जोड रह्यो भने पाठ्यक्रम पाठ्यपुस्तकमा रहेका लैङ्गिक असमानता सम्वन्धी उदाहरण, शब्दावलीमा परिवर्तन गर्नुपर्छ भन्ने ७५% प्र.अ. ८७.५% शिक्षक र ४०% विद्यार्थीको जवाफ पाइयो । त्यसैगरी ७५% प्र.अ., ३७.५% शिक्षक र ५३.३३% विद्यार्थीको भनाइ अनुसार माथिल्लो निकायबाट प्रभावकारी रुपमा कक्षा अवलोकन र मूल्यांकन हुनु जरुरी छ भन्ने थियो भने ६२.५% प्र.अ. ५०% शिक्षक र २६.६६% विद्यार्थीको भनाइमा व्यवस्थापनको समस्या कृत्रिम मात्र नभई प्राकृतिक पनि भएकोले छात्राहरुको प्रकृति वा स्वभाव बुझेर शिक्षण गरेमा लैङ्गिक व्यवस्थापनका समस्या सुल्झाउन सकिन्छ भन्ने सुझाव पाइयो ।

कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका समस्या समाधानका उपायहरु  र दुर्खिमको सामाजिक तथा सामूहिक चेतनाको सिद्धान्त एक अर्कासगँ मिल्दो जुल्दो देखिन्छ ।दुर्खिमका अनुसार शिक्षाले समाजमा समानता ल्याउँछ र सामाजिक दायित्वको बोध गराउँछ। शिक्षाले समाजका आवश्यकताहरु परिपूर्ति गर्दछ र सामाजिक योगदान पुऱ्याउँछ । समाजको अभिन्न अंगको रुपमा रहेका बालिकाहरु आफ्ना हक, अधिकार प्राप्त गरी अवसरहरुको सदुपयोग गरेर सामाजिक दायित्वको समेत बोध गर्नको लागि उनीहरुले उपयुक्त शिक्षा हासिल गर्ने अवसर पाउनु पर्छ । विद्यालयको स्वच्छ शैक्षिक वातावरण सहित बन्दरहित वातावरणमा बालिकाहरुलाई शिक्षा हासिल गर्ने अवसर दिनु पर्दछ । ईमाइल दुर्खिमको सामाजिक र सामूहिक चेतनाको सिद्धान्तलाई प्रयोगमा ल्याउन सकेमा कक्षा शिक्षणमा देखापरेका लैङ्गिक समस्यालाई उचित तरिकाले व्यवस्थापन गर्न सकिन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

कुनै पनि शीर्षकको अध्ययन पछि केही ठोस तथ्यहरु पत्ता लाग्दछ । अध्ययनबाट प्राप्त तथ्यहरु नै प्राप्ति हुन । प्राप्तिबाट अध्ययन अनुसन्धानको वास्तविक अवस्था झल्किन्छ । निष्कर्ष भनेको अन्तिम निचोड हो । प्राप्ति र निष्कर्षको आधारमा सम्वन्धित अध्ययनमा सरोकारवालाहरुलाई आवश्यक सुझाव दिन सकिन्छ । अतः यस अध्ययनको प्राप्ति, निष्कर्ष र सुझावलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१ प्राप्ति

यस अध्ययनबाट प्राप्त सूचना तथा तथ्यांकहरुलाई विश्लेषण गर्दा कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका सन्दर्भमा उद्देश्यअनुसार विविध खालका प्राप्तिहरु पाइयो । जसलाई निम्नानुसार उल्लेख गरिएको छ :-

अ) कक्षा शिक्षणमा फर्निचर व्यवस्थापन गर्दा प्रतिबेन्च विद्यार्थी संख्या बढी राखिनुको साथै विद्यार्थीको बसाइ व्यवस्थापनमा परम्परागत (लहरे)विधि नै अपनाइएकोले सिकाइ क्रियाकलापमा छात्रालाई भित्र वाहिर गर्न अप्ठेरो भएको पाइयो ।

आ) लैङ्गिक समानता ल्याउने खालको आधुनिक शिक्षण विधि एवं शैक्षिक सामग्रीको छनोट एवं प्रयोग नगरेको पाइयो ।

इ) शिक्षकका व्यवहार लैङ्गिक रुपमा असमान पाइयो । छात्राहरुप्रति शिक्षकको व्यवहार पूर्वाग्रही, पक्षपातपूर्ण थियो । कक्षामा छात्राहरुलाई छात्रसरह प्रश्न सोध्न, जवाफ सुन्न,सुझाव दिनमा प्राथमिकता नदिएको पाइयो । नबुझेको सोध्न एवं जवाफ बताउन छात्रालाई प्रोत्साहन नगरेको पाइयो ।

ई) छात्राहरुको लाज, डर भगाउन एवं सिकाइमा अग्रसर पार्न, हौसला एवं सिकाइ अवसरमा प्राथमिकता नदिएकोले छात्राहरु हतोत्साही भएको पाइयो ।

उ) पाठ्यक्रम एवं पाठ्यपुस्तकको प्रस्तुति, चित्र, शब्दावली, उदाहरणमा पनि लैङ्गिक समानता नभएको पाइयो ।

ऊ) शैक्षिक संस्थामा शिक्षकहरुलाई लैङ्गिक समता सम्वन्धी तालिम तथा प्रशिक्षणको आवश्यकता भएको पाइयो ।

ए) विद्यालयमा आवश्यकता बमोजिम आर्थिक एवं भौतिक सुविधाको अभाव पाइयो ।

ऐ) कक्षामा अनुशासन, नियम, हौसला, सजाय आदिको अभाव पाइयो ।

ओ) कक्षामा छात्रछात्राका व्यवहारहरु पनि लैङ्गिक रुपमा असमान थिए । छात्राहरु महिला शिक्षकसंग भन्दा पुरुष शिक्षकसंग वढी लाज, डर मान्ने हुनाले पुरुष शिक्षकको कक्षामा छात्राहरुको सकृयता कम पाइयो ।

औ) नगर क्षेत्रका विद्यालयमा भन्दा ग्रामीण क्षेत्रका विद्यालयको शिक्षण सिकाइ क्रिया-कलापमा लैङ्गिक व्यवस्थापनको अवस्था कमजोर रहेको पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनबाट प्राप्त भएका प्राप्तिको आधारमा निम्न लिखित निष्कर्ष निकालिएको छ :-

अ) कक्षा शिक्षणमा फर्निचर व्यवस्थापन गर्दा प्रतिबेन्च विद्यार्थी संख्या बढी राखिनुको साथै विद्यार्थीको बसाइ व्यवस्थापनमा परम्परागत (लहरे) विधि नै अपनाइएकोले सिकाइ क्रियाकलापमा छात्रालाई भित्र वाहिर गर्न अप्ठेरो भएको छ ।

आ) शिक्षण सिकाइमा शिक्षण विधि एवं शैक्षिक सामग्रीको छनोट एवं प्रयोगमा लैङ्गिक समानता कायम गरिएको छैन । लैङ्गिक समानतालाई समेट्न सक्ने खालको विद्यार्थी केन्द्रित शिक्षण विधि, अत्याधुनिक प्रविधिको शैक्षिक सामग्रीको छनोट एवं प्रयोग गर्ने बानीको अभाव छ । यस्ता पक्षले लैङ्गिक समानतामा पर्न सक्ने नकारात्मक असर बारेमा जिम्मेवार किसिमले सोच्न सकिएको छैन ।

इ) शिक्षण सिकाइमा लैङ्गिक समानता छैन । शिक्षण व्यवहारहरु छात्राहरुप्रति भेदभावपूर्ण, पूर्वाग्रही, पक्षपाती छन् । कक्षामा प्रश्न सोध्न,सुझाव दिनमा छात्रलाई प्राथमिकता एवं हैसला दिइन्छ तर छात्राहरुका जिज्ञासा मेटाउनप्रति र सिकाइ समस्या समाधानप्रति वास्ता गरिंदैन । यसबाट छात्राहरु कक्षामा हतोत्साही हुनुको साथै सिकाइमा अग्रसर छैनन् ।

ई) छात्राहरु कक्षामा हीनताबोध, उदासिनता, डर, त्रास, संकोच मान्छन् । कक्षामा ध्यान दिन,नजानेको सोध्न, सिकाइ अवसरमा सहभागिता जगाउन सकेका छैनन् । जसको कारण कक्षा उपस्थिति एवं शैक्षिक उपलब्धिमा पनि नराम्रो असर परेको छ ।

उ) पाठ्यक्रम एवं पाठ्यपुस्तकमा विषयवस्तको प्रस्तुती उदाहरण, शब्दावली, चित्र आदिमा लैङ्गिक समानता छैन । छात्र/पुरुषलाई श्रेष्ठता एवं छात्रा/महिलालाई हीनताको रुपमा देखाइएको छ । छात्राहरु महिलाहरु शारीरिक, मानसिक, वौद्धिक, संवेगात्मक रुपमा भिन्दै एवं कमजोर हुन्छन् भन्ने भ्रम परेको छ । सामाजिक भेदभावको प्रभाव कक्षा शिक्षणमा पनि छ ।

ऊ) महिला शिक्षकको कक्षामा छात्राहरु निर्धक्क भई प्रश्न गर्ने तर पुरुष शिक्षकसंग डराउने हुनाले शिक्षण सिकाइमा छात्राहरुलाई वाधा परेको छ ।

ए) शैक्षिक संस्थामा शिक्षकहरुलाई लैङ्गिक समानता सम्वन्धी तालिम तथा प्रशिक्षणको आवश्यकता भएको छ ।

ऐ) विद्यालयमा आवश्यकता बमोजिम आर्थिक एवं भौतिक सुविधाको अभाव छ ।

ओ) कक्षामा अनुशासन, नियम, हौसला, सजाय आदिको अभावले शिक्षण सिकाइमा छात्राहरुलाई वाधा परेको छ ।

औ) नगर क्षेत्रका विद्यालयमा भन्दा ग्रामीण क्षेत्रका विद्यालयको शिक्षण सिकाइ क्रिया-कलापमा लैङ्गिक व्यवस्थापनको अवस्था कमजोर छ ।

## ५.३ सुझाव

एक सिक्काको दुई पाटाका रुपमा रहेका महिला र पुरुषबाट सृजित यस समाजको उन्नतिको निम्ति शिक्षाको प्राप्ति एक सशक्त माध्यम हो । पितृसत्तात्मक सोँचबाट गुज्रीरहेको हाम्रो मुलुक सामाजिक लैङ्गिक विभेदको कारणले महिला/छात्राहरु पुरुष/ छात्रको तुलनामा शिक्षाको अवसर एवं शिक्षाबाट लाभ लिनबाट वञ्चित छन् । ती कारणहरुमध्ये कक्षा शिक्षणमा विद्यमान लैङ्गिक भेदभावले छात्राहरुप्रति मनोवैज्ञानिक एवं संवेगात्मक रुपमा नकारात्मक असर पर्दछ । तसर्थ कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनको निम्ति निम्नलिखित सुझावहरु पेश गरिएको छ :-

अ) विद्यार्थी बसाइका लागि V आकार वा U आकार वा अर्धवृत्ताकार तथा समूह बसाइ विधि मध्ये कुनै विधि छनौट गर्नु पर्दछ

आ) शैक्षिक सामग्री एवं शिक्षण विधिको छनोट एवं प्रयोगमा लैङ्गिक समानतालाई समेट्नु पर्छ । विद्यार्थी केन्द्रित शिक्षण विधि र आधुनिक प्रविधिमा आधारीत शैक्षिक सामग्रीको छनोट एवं प्रयोग गर्नुपर्छ ।

इ) नारीप्रतिको सामाजिक भेदभाव नारी शिक्षाप्रतिको नकारात्मक सोच एवं उपेक्षा र अपेक्षामा सुधार ल्याउनु पर्छ । सामाजिक सचेतना मार्फत समाज एवं विद्यालयबाट लैङ्गिक भेदभावको अन्त्य गर्नुपर्दछ ।

ई) कक्षामा लैङ्गिक समानताको स्थिति, कारण असर एवं निवारणका उपाय बारेमा सरोकारवालाहरु बीच छलफल गराइ नीति कार्ययोजना तयार पारेर सोही बमोजिम क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

उ) शिक्षकलाई कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनमा प्रभाव पार्न सक्ने व्यवहार, असर एवं निवारणका तरिका बारेमा सचेत, सजग र जिम्मेवार पार्नुपर्छ । शिक्षकलाई लैङ्गिक समतावारे तालिम दिनुपर्छ ।

ऊ)बालविकास (ECD) मा महिला शिक्षक र प्राथमिक तहमा कम्तिमा एकजना महिला शिक्षक हुनुपर्ने व्यवस्था भए बमोजिम माध्यमिक र उच्च माध्यमिक तहमा पनि कम्तिमा एक एक जना महिला शिक्षकको व्यवस्था अनिवार्य हुनुपर्दछ ।

ए) छात्राहरुमा हुने हीनताबोध, चिन्ता सङ्कीर्णता, डर, त्रास हटाउन उनीहरुलाई हौसला सल्लाह सुझाव दिनुपर्दछ ।

ऐ) पाठ्यक्रम तथा पाठ्यपुस्तकको विषयवस्तुको प्रस्तुती शब्दावली, चित्र उदाहरणमा सुधार एवं लैङ्गिक समानतालाई समेट्ने शब्दावली, चित्र, उदाहरण प्रयोग गर्नुपर्छ ।

ओ) शैक्षिक संस्थाहरुमा आर्थिक एवं भौतिक सुविधाको व्यवस्थापन हुनुपर्दछ ।

औ) कक्षामा अनुशासन, नियम, हौसला एवं सजायको परिपाटी मिलाउनुपर्छ ।

अं) वालमैत्री सिकाइ व्यवहार अवलम्वन गर्नुपर्छ ।

# सन्दर्भ सामग्री


आचार्य, बलराम (२०६४), सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा, काठमाण्डौ : सन्लाईट पब्लिकेशन ।

आचार्य, शुसन (२०६४), सामाजिक न्याय शिक्षा, डीनको कार्यालय : त्रि.वि. शिक्षाशास्त्र संकाय, कीर्तिपुर ।

उपाध्याय, श्रीधर कुमार (२०६७), माध्यमिक विद्यालयमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरु, त्रि.वि. शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस तानसेन : अप्रकाशित शोधपत्र ।

काफ्ले, बासुदेव, ढकाल हेमराज, अधिकारी किसानप्रसाद (२०६५), शिक्षामा सामाजिक न्याय , काठमाडौं : स्टुडेन्टस् बुक्स ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार , भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६२), शैक्षिक अनुसन्धान पद्धती, काठमाडौं : स्टुडेण्ट बुक्स पव्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

गुरुङ, सुनिता (२०६०, फागुन), समाजको संकीर्ण दायरामा महिलाहरु, नारी पत्रिका, वर्ष ३, अंक २ ।

जिल्ला शिक्षा कार्यालय (२०६८), शैक्षिक क्यालेण्डर, पाल्पा : हिमाल प्रकाशन ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृकाप्रसाद (२०६३), शिक्षाका आधारहरु,काठमाण्डौ : रत्नपुस्तक भण्डार ।

ढकाल, रामप्रसाद (२०६६), छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरु, त्रि.वि. शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस तानसेन : अप्रकाशित शोधपत्र ।

नेपालको अन्तरिम संविधान (२०६३), काठमाण्डौ : वौद्धिक दर्पण प्रकाशन ।

राष्ट्रिय योजना आयोग (२०६४), : अन्तरिम त्रिवर्षीय योजना (२०६४/०६७), काठमाण्डौ ।

राष्ट्रिय योजना आयोग (२०५९), दशौ पञ्चवर्षीय योजना (२०५९-२०६४) ,काठमाण्डौ ।

राष्ट्रिय योजना आयोग (२०५४), नवौ पञ्चवर्षीय योजना (२०५४-२०५९) , काठमाण्डौ ।

राष्ट्रिय योजना आयोग (२०६७), त्रिवर्षीय योजना (२०६७/०६८-२०६९/०७०), काठमाण्डौ।

पोखरेल, नारायणप्रसाद (२०६६), माध्यमिक विद्यालयमा छात्राहरुको शैक्षिक अवस्था, त्रि.वि. शिक्षाशास्त्र सङ्काय, तानसेन बहुमुखी क्याम्पस, तानसेन : अप्रकाशित शोधपत्र ।

पौडेल, लेखनाथ (२०५५), शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

वस्नेत, प्रभा (२०५९, चैत्र), नारी शिक्षा आजको आवश्यकता, काठमाण्डौ : अन्तराष्ट्रिय शैक्षिक मञ्च ।

वस्याल, गोपाल (२०६७,जेष्ठ-आषाढ),विद्यालय क्षेत्र सुधार कार्यक्रम र यसको प्रभाव, पाठशाला मासिक, वुटवल : आईडिया डिजाइनर्स/अफसेट प्रेस ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६७), शिक्षाका आधारहरु, काठमाण्डौ : एम.के.पव्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

CERID (1991), A study of studies of dropout in Primary Education, Kathmandu : Author.

Panthi, Shreekrishna (2005), Management of Gender Issues Through Classroom Practices : A Study of Some School Practices in Parroha V.D.C. of Rupandehi District, unpublishded M.Ed. Master Thesis, T.U. Kathmandu.

## कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापन

## परिशिष्ट : १

नमूना छनौट गरिएका विद्यालयहरु

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | ग्राम्य उ.मा.वि | चिर्तुङधारा -१, गाबुटुङ्ग, पाल्पा |
| २ | जनप्रिय मा.वि. | ता.न.पा.-११, बर्तुङ्ग, पाल्पा |
| ३ | सरस्वती मा.वि. | ता.न.पा.-१४, सुन्दरगाउँ, पाल्पा |
| ४ | लक्ष्मी उ.मा.वि. | ता.न.पा.-१३, बन्दिपोखरा, पाल्पा |
| ५ | सेन उ.मा.वि. | ता.न.पा.-३, अमरगञ्ज, पाल्पा |
| ६ | मोहन कन्या उ.मा.वि. | ता.न.पा.-४, सिल्खानटोल, पाल्पा |
| ७ | सर्वोदय उ.मा.वि. | वौघागुम्हा-५, भैंसीडाँडा , पाल्पा |
| ८ | लुम्बिनी.मा.वि. | वौघापोखराथोक -५, लुहुङ्ग , पाल्पा |

## कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापन
## परिशिष्ट : २
## छात्रछात्राहरुको निम्ति अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम मिति :
छात्राको नाम : कक्षा :
ठेगानाः रोल नं :

१) तिम्रो कक्षामा वसाई व्यवस्थापन विधि कस्तो छ ?

२) कक्षामा कुन कुन शिक्षण विधि प्रयोग हुन्छन् ?

३) शैक्षिक सामग्री एवं शिक्षण विधिको छनौट एवं प्रयोगमा लैङ्गिक समानता छ ?

४) शैक्षिक सामग्री र विधिमा लैङ्गिक समानता छैन भने के के हुन् ?

५) शिक्षकले कक्षामा मूल्यांकनका क्रममा प्रश्न सोद्धा कसरी सोध्नुहुन्छ ?

६) कक्षामा सिकाइका क्रममा छात्रछात्रामध्ये कसलाई बढी हौसला र प्राथमिकता दिनुहुन्छ ?

७) शिक्षण व्यवहारमा लैङ्गिक भेदभाव वा पक्षपात देखिन्छ ?

८) कक्षामा शिक्षक रिसाउँदा, गाली दिँदा छात्रछात्रालाई प्रयोग गरिने शब्दावलीहरु के के हुन् ?

९) पाठ्यपुस्तका चित्र, उदाहरण र शब्दावलीमा लैङ्गिक समानता छ/छैन ?

छैन भने को प्रति भेदभाव छ ?उदाहरण ................................

१०) सिकाइ अवसरमा छात्राछात्रमा समान अवसर छ ?

११) कक्षामा पुरुष शिक्षक र महिला शिक्षक मध्ये कोसंग आफ्ना जिज्ञासा राख्न सजिलो हुन्छ ?

१२) समाजका लोकभनाइ (लोकोक्ति) हरु कसलाई होच्याउने खालका हुन्छन् ?

१३) कक्षा शिक्षणमा लैङ्गिक व्यबस्थापनमा समस्या ल्याउने कारक तत्वहरु के के हुन् ?

१४) कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

**कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापन**

**परिशिष्ट : ३**

**शिक्षकहरुका लागि अन्तर्वार्ता प्रश्नावली**

विद्यालयको नाम : मिति :
शिक्षकको नाम : शैक्षिक योग्यता :
ठेगाना : लिङ्ग :

१)कक्षामा विद्यार्थीहरुको वसाइ व्यवस्थापनमा कुन विधि अपनाउनु हुन्छ ?

२) शिक्षण गर्दा कुन कुन शिक्षण विधि प्रयोगमा ल्याउनुहुन्छ ?

३) शिक्षण विधि एवं शैक्षिक सामग्री लैङ्गिक रुपमा समान छन् ? छैनन् भने किन ?

४) छात्राहरु पुरुष शिक्षक र महिला शिक्षक मध्ये को संग नडराई आफ्ना जिज्ञासा राख्छन् ?

५) कक्षामा छात्राछात्रमध्ये को बढी निदाउने गर्छन ?

६) शिक्षण सिकाइ क्रियाकलापका अवसरमा छात्रछात्रामध्ये को बढी सक्रिय हुन्छन् ?

७) कक्षामा अरुको घरमा काम गर्ने विद्यार्थी छन् भने त्यस्ता विद्यार्थीमा छात्रा छात्रमध्ये कसको संख्या बढी छ ?

८) छात्राछात्रमध्ये को सँग बढी रिसाउनु पर्छ ? किन ?

९) छात्रछात्रामध्ये शिक्षण सिकाइका अवसरमा कसले बढी प्राथमिकता पाउँछन् ?

१०) पाठ्यपुस्तकमा लैङ्गिक विभेदका उदाहरणहरु छन् ? छन् भने के के हुन् ?

१२) समाजमा महिला/छात्राप्रति प्रयोग हुने विभेदपूर्ण लोकोक्तिहरु के के हुन् ?

१३) भनिन्छ समाजको प्रतिविम्व कक्षा शिक्षणमा पर्दछ, यसबाट कक्षा शिक्षणमा छात्राप्रति हुने भेदभाव के के होलान् ?

१४) कक्षा शिक्षणमा लैङ्गिक व्यबस्थापनमा समस्या ल्याउने कारक तत्वहरु के के हुन ?

१५) शिक्षणमा लैङ्गिक भेदभावको मुख्य कारण के हो ?

१६) शिक्षणमा लैङ्गिक व्यवस्थापनका समस्यालाई कुन कुन उपायबाट समाधान गर्न सकिन्छ ?

## कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापन
## परिशिष्ट : ४
## प्राचार्य / प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम :
प्राचार्य/प्र.अ.को नाम : मिति :
ठेगाना : लिङ्ग :

१. तपाईको विद्यालयमा छात्राछात्रमध्ये समग्रमा पढाइको स्तर कसको बढी पाउनुभएको छ?

२. कक्षाहरुमा विद्यार्थीको वसाइ व्यवस्था कसरी मिलाइएको छ ?

३. विद्यालयमा छात्राको सिकाइ अभिवृद्धिको लागि के कस्ता जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुभएको छ ?

४. समाजमा महिला/ छात्राप्रति प्रयोग हुने विभेदपूर्ण लोकोक्तिहरु के के हुन् ?

५. पाठ्यपुस्तक तथा पत्रपत्रिकामा छात्रालाई विभेद गर्ने उदाहरणहरु तथा चित्रहरु छन् या छैनन् ? छन् भने के के हुन् ?

६. कक्षा शिक्षणमा लैङ्गिक व्यबस्थापनमा समस्या ल्याउने कारक तत्वहरु के के हुन ?

७. शिक्षणमा लैङ्गिक भेदभावको मुख्य कारण के होला ?

८. कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापनका समस्यालाई समाधान गर्न के के उपायहरु अपनाउनुपर्छ ?

# कक्षा शिक्षणमा लैङ्गिक व्यवस्थापन

## परिशिष्ट :५

## कक्षा अवलोकन फाराम

| | |
|---|---|
| विद्यालयको नाम : | कक्षा : |
| शिक्षकको नाम : | पिरियडः |
| ठेगाना : | लिङ्गः |
| विषयः | मितिः |

१. कक्षाकोठामा भएका फर्निचर विवरण ........

२. कक्षाकोठामा फर्निचरको रखाइ अवस्था ......

३. विद्यार्थीहरुको बसाइ व्यवस्थापन विधि.....

४. दैनिक पाठयोजना निर्माण गरिएको/नगरिएको ..........

५. पाठको शुरुवातमा पूर्वज्ञानसम्वन्धी प्रश्न सोद्धा लैङ्गिक समानताको अवस्था..........

६. कक्षामा प्रयोग गरिएका शिक्षण विधि र छात्राछात्रमा त्यसको प्रभाव.........

७. शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा लैङ्गिक समानताको अवस्था.......

८. सिकाइ उत्प्रेरणा प्रदानमा लैङ्गिक समानताको अवस्था ...........

९. शिक्षणको क्रममा प्रयोग भएका शब्दावलीमा लैङ्गिक समानताको अवस्था .......

१०. कक्षामा शिक्षकले छात्राछात्रप्रति देखाएका असमान व्यवहार........

११.कक्षामा पुरुष शिक्षक र महिला शिक्षकप्रति छात्राछात्रले देखाएका असमान व्यवहार...

१२. विद्यार्थी मूल्याङ्कन पद्धति र लैङ्गिक समानताको अवस्था ................

## परिशिष्ट :६

## शिक्षण सिकाइ व्यवस्थापन विवरण

| क.सं. | सूचकहरु | प्रकृति | विवरण | उत्तरदाता | | कक्षा अवलोकन |
|---|---|---|---|---|---|---|
| | | | | विद्यार्थी संख्या ४५ | शिक्षक संख्या १६ | संख्या ८ |
| १ | शिक्षण विधि | शिक्षक केन्द्रित विधिमा जोड दिइने भएकोले सिकाइमा निस्क्रियता सम्वन्धमा | छात्रा | १६(३५.५५) | ६(३७.५) | ४(५०) |
| | | | छात्र | १४(३१.११) | ५(३१.२५) | ३(३७.५) |
| | | | बराबर | १५(३३.३३) | ४(२५) | १(१२.५) |
| | | | छैन | | १(६.२५) | |
| २ | शैक्षिक सामग्री | शैक्षिक सामग्री निर्माण र प्रयोगमा प्राथमिकता सम्वन्धमा | छात्रालाई | १२(२६.६६) | | ३(३७.५) |
| | | | छात्रलाई | १८(४०.००) | | ४(५०) |
| | | | बराबर | १५(३३.३३) | १६(१००) | १(१२.५) |
| ३ | उत्प्रेरणा | सिकाइमा प्रदान गरिने हौसलाका सम्वन्धमा | छात्रालाई | १२(२६.६६) | | २(२५) |
| | | | छात्रलाई | २० (४४.४४) | | ४(५०) |
| | | | बराबर | १३(२८.८८) | १६(१००) | २(२५) |
| ४ | शिक्षणको भाषा | विभेदकारी तथा हिंसात्मक भाषा तथा शब्दको प्रयोग गर्ने सम्वन्धमा | छात्राप्रति | २२(४८.८८) | | ४(५०) |
| | | | छात्रप्रति | १२(२६.६६) | | २(२५) |
| | | | बराबर | ११(२४.४४) | २(१२.५) | २(२५) |
| | | | छैन | | १४(८७.५) | |
| ५ | शिक्षक व्यवहार | सिकाइमा कम अवसर दिने, पक्षपात/ पूर्वाग्रह गर्ने सम्वन्धमा | छात्रालाई | २४(५३.३३) | | ४(५०) |
| | | | छात्रलाई | १६(३५.५५) | | २(२५) |
| | | | बराबर | ५(११.११) | | २(२५) |
| | | | छैन | | १६(१००) | |
| ६ | विद्यार्थी व्यवहार | जिज्ञासा राख्न पुरुष शिक्षकसँग डराउने महिला शिक्षकसँग नडराउने सम्वन्धमा | छात्रा | १६(३५.५५) | १२(७५) | ४(५०) |
| | | | छात्र | १३(२८.८८) | १(६.२५) | १(१२.५) |
| | | | बराबर | १६(३५.५५) | ३(१८.७५) | ३(३७.५) |
| ७. | मूल्यांकन पद्धति | शिक्षकले प्रश्न सोद्धा प्राथमिकता दिने सम्वन्धमा | छात्रालाई | १२(२६.६६) | | २(२५) |
| | | | छात्रलाई | २२(४८.८८) | | ४(५०) |
| | | | बराबर | ११(२४.४४) | १६(१००) | २(२५) |

(कोष्ठको अंकले प्रतिशत जनाउँछ) स्रोत : स्थलगत सर्वेक्षण, २०६८

## परिशिष्ट :७

**प्र.अ., शिक्षक र छात्रावाट तथ्यांक संकलनका क्रममा प्राप्त भएका  लैङ्गिक विभेद सम्वन्धी लोकोक्तिहरु**

क) पोथी बासेको ठीक हुँदैन ।

ख) छोरी मरी दहीको ठेकी भरी ।

ग) छोराले दागवत्ती दिए स्वर्ग पुगिन्छ ।

घ) छोरा बुढेसकालको साहारा ।

ङ) ढिलै होस् छोरा होस् ।

च) छोरी अर्कैलाई दिने जात ।

छ) छोरी मरी घरै गरी ।

ज) छोरा पाए हुरुक्क, छोरी पाए धुरुक्क ।

झ) छोरा पाए खसी छोरी पाए फर्सी ।

ञ) छोराको नाता हाडको छोरीको नाता पातको ।

ट) फूलको गन्ध डाँडावारी छोरीको गन्ध डाँडापारी ।

ठ) छोरी त दुई दिनको पाहुना ।

ड) माइतीको वात लोग्नेको लात ।

ढ) खुट्टा भए जुत्ता जति पनि पाइन्छ ।

ण) छोरा ढोकामा छोरी चौकामा ।